# न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना

## २०७३/०७४

न्यायमा पहुँच आयोग
सर्वोच्च अदालत
२०७३

**सर्वोच्च अदालत**
काठमाडौं, नेपाल

**प्रधान न्यायाधीश**

सर्वोच्च अदालत
काठमाडौं

## मन्तव्य

सरल, सहज र प्रभावकारी तरिकाले न्याय पाउनु सबैको मानव अधिकार हो। सबै नागरिकलाई आफू अन्यायमा परेको अवस्थामा सक्षम र निष्पक्ष निकायबाट विना कुनै अवरोध न्याय माग्ने तथा पाउने अधिकार हुन्छ। सक्षम निकायमा न्याय माग गर्ने तथा प्राप्त गर्नका लागि सबै नागरिकलाई सहज वातावरण बनाउने दायित्व राज्यको हो। तर व्यावहारिक रूपमा सबै नागरिकको न्यायसम्म सहज पहुँच पुग्न नसकेको यथार्थता हामी सामु छर्लङ्ग छ। आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएका वर्ग वा समुदाय खास गरी महिला, विपन्न, असहाय र असक्तहरूको अधिकारमा आघात परेको अवस्थामा विविध कारणले ती समुदायको न्याय प्रदायक निकायसम्म सहज पहुँच रहेको पाइँदैन।

यसै तथ्यलाई हृदयङ्गम गरी न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मूल नारा नै "छिटो छरितो न्याय सबैका लागि न्याय" राखिएको छ भने न्यायप्रणालीलाई पहुँचयोग्य बनाउने लक्ष्य निर्धारण गरिएको छ। उल्लिखित लक्ष्य प्राप्तिका लागि विभिन्न रणनीति र क्रियाकलाप तय गरिएकोमा लक्ष्य प्राप्तिका लागि विभिन्न क्रियाकलापहरू भइरहेका छन्।

न्यायमा सबै नागरिकहरूको पहुँचलाई सहज बनाउने उद्देश्यले सर्वोच्च अदालतबाट न्यायमा पहुँच आयोगको गठन भएको छ। आयोगले आर्थिक वर्ष २०७२\०७३ को लागि वार्षिक कार्ययोजना तर्जुमा गरी योजनाबद्ध रूपमा आफ्नो क्रियाकलाप एवं कार्यक्रमहरू गर्दै आएको छ। सामान्य प्रकृतिका सेवाहरू एक घण्टाभित्र प्रदान गर्ने, सेवाको लागि अदालत आउने सेवाग्राहीलाई सहजीकरण गर्न विभिन्न प्रकारका निवेदनहरूको ढाँचा तयार गरी अदालतको तर्फबाट नै भरिदिने, सरकारी कामकाजको भाषामा आफ्नो भनाइ राख्न नसक्नेहरूका लागि दोभाषे सेवा उपलब्ध गराउने जस्ता उल्लेखनीय कार्यहरू भएका छन्। सबैको न्यायमा सहज पहुँचको लागि अवरोधका रूपमा रहेका तत्वहरू पहिचान गर्ने प्रयोजनार्थ विभिन्न विषयहरूमा अध्ययन् अनुसन्धान भई

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स् नं. २०४३८
वेबसाईट : www.supremecourt.gov.np

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

**प्रधान न्यायाधीश**

व्यवस्थापकीय सुधारलाई निरन्तरता दिइएको छ भने कानूनी सुधारका सम्बन्धमा सम्बन्धित निकायहरूमा सुझावहरु प्रस्तुत गरिएको छ।

आ.व. २०७२\०७३ जस्तै आयोगले यस आर्थिक वर्ष २०७३\०७४ मा पनि सम्पन्न गर्नुपर्ने क्रियाकलापहरूसहितको प्रस्तुत कार्ययोजना तर्जुमा गरेको छ। कार्ययोजनाले सेवाग्राही तथा सेवा प्रदायकहरूलाई केन्द्रित गरी आफ्ना क्रियाकलापहरू तय गरेको छ। स्वेच्छिक कानूनी सेवा, पीडितलाई मनोपरामर्श, अधिकार तथा कानूनीउपचार सम्वन्धी प्रचारसामग्री वितरण, अधिकारका बारेमा जनचेतनामूलक कार्यक्रम जस्ता क्रियाकलापहरू कार्ययोजनामा निर्दिष्ट गरिएका छन्।

कार्ययोजना तर्जुमा कार्यसमूहमा रही छोटो समयमा नै कार्ययोजनाको मस्यौदा तयार गर्ने आयोगका सदस्य श्री कुमार इङनाम, महानिर्देशक श्री महेन्द्रनाथ उपाध्याय, सहसचिव श्री डिल्लीराज घिमिरे, सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई तथा नेपाल बार एसोसियसन केन्द्रीय समितिका उपाध्यक्ष श्री मोतीराज गौतमलाई धन्यवाद दिन चाहन्छु। प्रस्तुत कार्ययोजना तर्जुमाका क्रममा सहयोग पुऱ्याउनु हुने सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीकान्त पौडेल, इजलास अधिकृत श्री लोकनाथ पराजुली तथा सचिवालयका सबै कर्मचारीहरूसमेतलाई धन्यवाद दिन्छु। कार्ययोजना तर्जुमाका क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सुझाव एवम् सल्लाह दिनुहुने सबैमा धन्यवाद व्यक्त गर्दछु।

प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि माननीय न्यायाधीशहरू तथा न्यायपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, कानून व्यवसायीहरू लगायत सम्बद्ध सबै सरोकारवालाहरूको सक्रिय एवम् रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

**श्रावण, २०७३**

प्रधान न्यायाधीश
सुशीला कार्की
**प्रधान न्यायाधीश**

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स नं. २०४३८
वेवसाईट : www.supremecourt.gov.np

# विषय सूची

**विषय** **पृष्ठ**

## परिच्छेद – एक


**सामान्य परिचय**

१.१ पृष्ठभूमि १
१.२ आयोगको कार्यादेश ४
१.३ कार्ययोजना तर्जुमा प्रक्रिया ४
१.४ तथ्याङ्क तथा सूचना सङ्कलन ५
 १.४.१ परामर्श ५
 १.४.२ सम्बन्धित विषयवस्तुको अध्ययन ६
 १.४.३ व्यक्तिगत भेटघाट ६
 १.४.४ वेवसाइटको उपयोग ६
 १.४.५ अवलोकन भ्रमण ६
१.५ वार्षिक कार्ययोजनाको ढाँचा ६


## परिच्छेद – दुई


**न्यायमा पहुँचसम्बन्धमा अवलम्बन गरिएका कार्यक्रम**

२.१ सेवाग्राहीमा केन्द्रित कार्यक्रम ८
२.२ सेवाप्रदायक निकायमा केन्द्रित कार्यक्रम ८
२.३ न्यायमा पहुँचसम्बन्धी पद्धतिका सबल पक्ष ९
२.४ न्यायमा पहुँचसम्बन्धी पद्धतिका कमजोर पक्ष १०
२.५ न्यायमा पहुँचसम्बन्धी पद्धतिका लागि उपलब्ध अवसर १२
२.६ न्यायमा पहुँचसम्बन्धी पद्धतिका चुनौती १३


## परिच्छेद – तिन


**न्यायमा पहुँच आयोग र यसका गतिविधिहरू**

३.१ आयोगको बैठकबाट भएका निर्णय १४
३.२ अनुसन्धान निर्देशन समिति १५
३.३ अन्य बैठक १५

| | | |
|---|---|---|
| ३.४ | अध्ययन अनुसन्धान | १६ |
| | ३.४.१ प्रतिवेदन प्राप्त भएका अध्ययन | १६ |
| | ३.४.२ अध्ययन भइरहेका विषय | १७ |
| | ३.४.३ सम्झौताको क्रममा रहेका अध्ययनका विषय | १८ |
| ३.५ | प्रशिक्षण कार्यक्रम | १८ |
| | ३.५.१ प्रशिक्षक प्रशिक्षण कार्यक्रम | १८ |
| | ३.५.२ सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम | १९ |
| | ३.५.३ न्यायिक सुशासनसम्बन्धी प्रशिक्षण कार्यक्रम | २० |
| ३.६ | अन्य कार्यक्रम | २० |

## परिच्छेद – चार

**न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना**

| | | |
|---|---|---|
| ४.१ | लक्ष्य १: न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण गर्ने | २२ |
| ४.२ | लक्ष्य २: लक्षित वर्गका व्यक्तिको हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | २३ |
| ४.३ | लक्ष्य ३: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने | २६ |
| ४.४ | लक्ष्य ४: न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरू पहिचान गर्ने | ३५ |
| ४.५ | लक्ष्य ५: लक्षित वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानूनी आधारको विकास गर्ने | ३७ |
| ४.६ | लक्ष्य ६: न्यायमा पहुँच अभिवृद्धिका लागि विभिन्न निकाय र संस्थासँग समन्वय गर्ने | ३७ |

## अनुसूची

| | |
|---|---|
| अनुसूची १ | ४१ |
| अनुसूची २ | ४४ |
| अनुसूची ३ | ५० |

## परिच्छेद - एक

## सामान्य परिचय

### १.१. पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो । न्यायको अनुभूति अधिकारको संरक्षणबाट हुन्छ । अधिकारको प्रत्याभूति मुलुकको मूल कानून र यसअन्तर्गत बनेका विधायिकी कानूनले गरेको हुन्छ । नागरिकका हकहरूको संवैधानिक संरक्षणको व्यवस्था पनि संविधानमै गरिएको हुन्छ । संविधानमा अधिकारको व्यवस्था गरेरमात्र पुग्दैन न्यायिक पद्धतिमार्फत प्रभावकारी कार्यान्वयनको सुनिश्चितता पनि हुनुपर्छ । न्याय व्यवस्थाको प्रभावकारिताबाट नै संवैधानिक व्यवस्थाले परिकल्पना गरेअनुरूपको कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण हुनुका साथै शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ ।

राष्ट्रिय योजना आयोगले तयार पारेको तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१ देखि २०७२/७३) ले स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त जनआस्थामा आधारित न्याय प्रणालीमार्फत नागरिकका अधिकारको संरक्षण गर्दै कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय सुनिश्चित गरी कानूनको शासनलाई संस्थागत गरी सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उद्देश्य लिएको छ । यस उद्देश्य पूरा गर्न न्यायमा आमजनताको समान पहुँच अभिवृद्धि गरी कानूनको शासन सुदृढ गर्ने रणनीति निर्धारण गर्दै कानूनी शिक्षा तथा सचेतना अभिवृद्धि गर्ने कार्यनीतिलाई अगाडि सारेको पाइन्छ । यस कार्यनीति पूरा गर्न योजनाले न्यायमा सहज पहुँच तथा न्यायालयप्रति जनआस्था अभिवृद्धि गर्ने कार्यक्रम राखेको छ । तेह्रौं योजना समाप्त भई हाल चौधौं योजना निर्माणको क्रममा छ ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ देखि २०७५/७६) को आधारपत्रमा शासकीय सुधारअन्तर्गत न्याय व्यवस्थालाई समेत समावेश गरी न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने र सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच कायम गरी नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उद्देश्य राखेको पाइन्छ ।

संयुक्त राज्य अमेरिकामा न्यायमा पहुँचका सम्बन्धमा विश्वव्यापी न्याय परियोजना भर्जिनिया लयर्सको सन् २०१० को अध्ययनले अमेरिका जस्तो विकसित मुलुकमा पनि गरिब तथा धनी व्यक्तिको हैसियतका आधारमा न्यायको पहुँचमा असर पर्ने तथ्य उजागर गरेको छ । सो अध्ययनबाट अमेरिकामा

गरिब तथा धनीबिच अदालतको पहुँच ३१ प्रतिशत फरक (७१ प्रतिशत धनीहरू र ४० प्रतिशत गरिबहरू) भएको देखिएको छ। जुन अन्य मुलुकहरू फ्रान्स, दक्षिण कोरिया र स्पेनमा क्रमश: पाँच, आठ र शून्य प्रतिशत मात्र देखिन्छ।

संयुक्त राष्ट्र संघीय महासभाले सन् २०१५ पछिको विकास कार्यक्रम तय गर्ने उद्देश्यले Open Working Group on Sustainable Development Goal (OWG) गठन गरेको थियो। यस समुहले तयार गरेको लक्ष्य नं. १६ मा सन् २०३० सम्म स्वतन्त्र, प्रभावकारी र जवाफदेही न्याय प्रणालीसम्मको समान पहुँच सबैलाई उपलब्ध गराउने गरी लक्ष्य निर्धारण गर्नुका साथै प्रतिबद्धतासमेत व्यक्त गरेको छ। OWG ले लिएको यस लक्ष्यलाई राष्ट्रसंघीय प्रणालीले अनुमोदन गरी हरेक राष्ट्रलाई उक्त लक्ष्यबमोजिम कार्य गर्न आह्वान गरेको छ। नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको हुँदा संयुक्त राष्ट्रसंघले लिएका लक्ष्य प्राप्तिका निमित्त राष्ट्रिय योजना आयोगले सन् २०१५ मा Sustainable Development Goals 2016-2030 National (Preliminary) Report प्रकाशन गरी लक्ष्यहरू प्राप्त गर्नका लागि आवश्यक सूचकाङ्कसमेत निर्माण गरेको देखिन्छ।

नेपालको संविधान तथा अन्य कानूनले व्यक्ति तथा नागरिकका लागि विभिन्न प्रकारका मैलिक तथा कानूनी हकहरूको प्रत्याभूति गरेको पाइन्छ। संविधानमा यी हकहरूको लामो शृङ्खला रहेको छ। यी हकहरूको संवैधानिक संरक्षणको व्यवस्था रहेको छ। व्यक्तिका अधिकारहरूको संरक्षणका लागि संविधानले स्थानीय अदालत, जिल्ला अदालत, पुनरावेदन अदालत/उच्च अदालत र सर्वोच्च अदालतको स्थापना गर्नुका साथै विधायिकी कानूनका आधारमा अर्द्ध-न्यायिक निकायहरू, न्यायाधिकरणहरू, विषयगत अदालतसमेत क्रियाशील रहेका छन्।

संविधान तथा कानूनले व्यवस्था गरेका हकहरूको उपभोग गर्न सबै व्यक्ति समान रूपले सक्षम रहेका हुन्छन भन्न सकिँदैन। त्यसैले संविधानको धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक व्यवस्थामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ। संविधानको यस व्यवस्थाबाट उल्लिखित लक्षित वर्ग (महिला, विपन्न, असहाय र असक्षम) का व्यक्तिहरूलाई राज्यले विशेष संरक्षण गर्न कानून बनाई त्यस्ता वर्गका व्यक्तिको संरक्षण गर्ने दायित्व राज्य र यसका अंगमा रहेको छ।

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रथम पटक न्यायमा पहुँचका सम्बन्धमा प्रस्ट व्यवस्था गरेको थियो। यस योजनाको रणनीति नं. ११ मा न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू तय गरेको पाइन्छ। सरोकारवालाहरूको न्यायिक सूचनामा पहुँच सुनिश्चित गर्ने, कानूनी सहायता प्रवर्द्धन गर्ने, मेलमिलाप पद्धति प्रवर्द्धन गर्ने, अदालत प्रयोगकर्तालाई

प्रदान गरिने सेवालाई सुदृढीकरण गर्नेलगायतका २४ वटा क्रियाकलापहरू निर्धारण गरिएको पाइन्छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले लिएका ४ वटा लक्ष्यहरूमध्ये न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने पनि एक हो । यो लक्ष्य पूरा गर्न आर्थिकरूपमा विपन्न नागरिकका लागि न्यायिक सेवामा लाग्ने गरेका दस्तुर पुनरावलोकन गरी सुलभ व्यवस्था गर्ने, न्यायिक कार्यविधिलाई सरल बनाउने, अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने, मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने, अदालतका भौतिक सुविधाहरू सेवाग्राहीहरूका आवश्यकता अनुरूप तुल्याउने लगायतका ३३ वटा कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखी सोहीअनुरूप विभिन्न काम कारवाहीहरू अघि बढिरहेको छ।

अदालतबाट प्रदान गरिने सेवा सुविधा एवम् न्यायिक प्रक्रियाका बारेमा सेवाग्राहीलाई जानकारी दिनका लागि अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याउने रणनीतिअनुरूप सबै अदालतमा सूचना तथा सहायता कक्षको स्थापना गरिएको छ । उक्त कक्षबाट अदालतमा पहिलोपटक प्रवेश गर्ने सेवाग्राहीको लागि अदालतले दिने सेवा सुविधाहरू एवम् न्यायिक प्रक्रियाका सम्बन्धमा जानकारी दिनेलगायतका परामर्श सेवा सञ्चालनमा छन्।

सर्वोच्च अदालतका भौतिक संरचनालाई सेवाग्राहीको आवश्यकताअनुसार सुविधाजनक तुल्याउने रणनीति अख्तियार गरेको छ। सेवाग्राहीको लागि बस्नको लागि उपयुक्त प्रतिक्षालय, स्वच्छ पिउने पानीको व्यवस्था, शौचालय निर्माणलगायतका कार्यहरू भै रहेका छन् । नयाँ निर्माण गरिने भवनहरूमा अपाङ्गमैत्री भौतिक सुविधाहरू पीडित तथा साक्षीहरूको संरक्षणको प्रबन्ध, बालबालिका तथा पक्षको गोपनीयता कायम गर्नु पर्ने पक्षहरूको आवश्यकतासमेतलाई ध्यानमा राखी इस्टिमेट, डिजाइन तथा निर्माण कार्य गरिएको छ। भइरहेका भवनहरू के कति अपाङ्गमैत्री छन् सोसम्बन्धमा अध्ययन गर्न गठित कार्यसमुहले कार्य प्रारम्भ गरिसकेको छ।

अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि प्रत्येक जिल्ला अदालतमा, पुनरावेदन अदालतमा र सर्वोच्च अदालतसमेतमा वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ । वैतनिक वकिलको सेवालाई केवल पक्षहरूको तर्फबाट बहस पैरवी गर्ने काममा मात्र सीमित नगरी लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षण र कम्तीमा १५ दिनमा १ पटक कारागारको भ्रमण गरी थुनुवा कैदीको तर्फबाट लिखत तयार पर्नु पर्ने वा प्रतिरक्षा गर्नु पर्ने भएमा सोसम्बन्धी आवश्यक कार्य गर्ने गरी वैतनिक कानून व्यवसायीको कार्यक्षेत्र विस्तार गरिएको छ।

अदालतमा न्यायका लागि आउने सबै व्यक्तिहरू समान अवस्थाका हुन्छन् भन्न सकिँदैन । आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक कारणबाट पछाडि परेका मानिसहरू न्यायसम्मको पहुँचबाट टाढा रहेका छन्। यस्तो वर्गका व्यक्तिहरूलाई विशेष प्राथमिकताका साथ न्यायसम्मको पहुँच सुनिश्चित गराउनु राज्यको दायित्वअन्तर्गत पर्दछ। यही दायित्व पूरा गर्न राज्यले सरकारी स्तरबाट र न्यायपालिकाले आफैँभित्रबाट विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। न्यायपालिकाभित्र सुधारका प्रयासहरू योजनाबद्धरूपमा हुँदै आएका छन्। यिनै सुधारको अभियानमा न्यायिक निकायसम्म पहुँच नभएका वर्ग वा

समुदाय तथा आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका व्यक्तिहरूका लागि न्यायपालिकाले विशेष व्यवस्था गर्नुपर्छ भन्ने तथ्यलाई महसुस गरी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा वि.सं. २०७२।४।१० गते न्यायमा पहुँच आयोगको गठन भएको छ।

## १.२. आयोगको कार्यादेश:

यस आयोगको कार्यादेश देहायबमोजिम छ :

(क) महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रूपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(ख) कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने।

(ग) न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system) को विकास गर्ने।

(घ) न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरू पहिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने गराउने।

(ङ) महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने।

(च) न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने।

न्यायमा पहुँच आयोगले उल्लिखित ६ वटा कार्यादेशमा सीमित भै आयोगले आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। आयोगको मार्गनिर्देशन नै माथि उल्लेख गरिएका कार्यदेश हुन्। यिनै कार्यदेशका आधारमा आ.व. ०७२/७३ मा विभिन्न क्रियाकलापहरू गरेको थियो जसको समीक्षा परिच्छेद तिनमा गरिएको छ। आयोगले उल्लिखित कार्यादेशकै आधारमा आ.व. ०७३/७४ को लागि वार्षिक कार्ययोजना बनाएको छ। यस कार्ययोजनामा महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई लक्षित वर्ग भनी समेटिएको छ।

## १.३ कार्ययोजना तर्जुमा प्रक्रिया

### क) कार्ययोजना तर्जुमा कार्यसमुहको गठन

न्यायमा पहुँच आयोगको गठन भएको एक वर्ष पुरा भइसकेको छ। गत वर्षको कार्यको समीक्षा गर्दै चालु आ.व.२०७३/७४ मा आयोगले गर्ने कार्यक्रम तथा क्रियाकलापको पहिचान गरी वार्षिक कार्ययोजनासहितको प्रतिवेदन आयोगसमक्ष पेस गर्न पाँच सदस्यीय कार्यसमुहको गठन भएको थियो।

कार्यसमुहमा निम्न पदाधिकारीहरू रहनुभएको थियो:

| | |
|---|---|
| न्यायमा पहुँच आयोगका सदस्य प्रा. श्री कुमार इङनाम | - संयोजक |
| महानिर्देशक श्री महेन्द्रनाथ उपाध्याय, प्रतिनिधि सर्वोच्च अदालत | - सदस्य |
| सहसचिव श्री डिल्लीराज घिमिरे, प्रतिनिधि, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| उपाध्यक्ष, श्री मोतिराज गौतम, प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |

कार्ययोजना निर्माणको क्रममा कार्यसमुहलाई रजिस्ट्रार श्री श्रीकान्त पौडेलले महत्त्वपूर्ण पृष्ठपोषण दिनुभएको थियो। न्यायमा पहुँच आयोगको लागि आर्थिक वर्ष २०७३/०७४ का लागि उपयुक्त कार्यक्रम तथा क्रियाकलापहरूको पहिचान गर्ने, प्राथमिकताको आधारमा कार्यक्रम तथा क्रियाकलापहरू निर्धारण जिम्मेवारी कार्यसमुहले पाएको थियो।

**ख) कार्यसमुहले अध्ययनको लागि गरेका क्रियाकलापहरू**

कार्यसमुहले कार्ययोजना तर्जुमा गर्दा देहायबमोजिमको अध्ययन र अन्तरक्रिया गरेको थियो:

- न्यायपालिकाको विभिन्न पञ्चवर्षीय रणनीतिक योजनाहरूको अध्ययन,
- तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३) र चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ - २०७५/७६) को आधारपत्रको अध्ययन,
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन हुने न्यायमा पहुँच कार्यक्रमको अध्ययन,
- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले लिएका न्यायमा पहुँचसम्बन्धी कार्यक्रमको अध्ययन,
- न्यायमा पहुँचसम्बन्धमा विभिन्न मुलुकमा रहेका व्यवस्था र अभ्यासहरूको अनलाइन अध्ययन,
- नेपालमा न्यायमा पहुँचसम्बन्धी प्रमुख कानूनी व्यवस्थाको अध्ययन,
- न्यायमा पहुँचसम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र आदेशहरूको अध्ययन,
- न्यायपालिकासँग सम्बन्धित विभिन्न व्यक्तिहरू तथा सरोकारवालासँग परामर्श,
- न्यायमा पहुँचसम्बन्धमा भएका अनुसन्धानात्मक तथा सान्दर्भिक सामग्रीको अध्ययन।

**१.४ तथ्याङ्क तथा सूचना सङ्कलन**

कार्यसमुहले निम्न लिखित अध्ययन विधि अपनाई सुझाव तथा सूचना सङ्कलन गरेको थियो।

**१.४.१. परामर्श**

कार्यसमुहको बैठकले सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

र महान्यायाधिवक्ताको कार्यालय र नेपाल बार एसोसिएसनबाट न्यायमा पहुँचका सम्बन्धमा गरिने कार्यक्रमहरूको विवरण सङ्कलन गरी छलफल गरेको थियो । विभिन्न व्यक्ति तथा समूहसँग छलफल गर्ने क्रममा कार्यसमुहले विभिन्न अदालतका माननीय न्यायाधीश, कानून व्यवसायी, सेवाग्राही, अदालतमा कार्यरत कर्मचारी, सरकारी कार्यालय एवं आयोगलगायत गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग समेत परामर्श गरेको थियो । यी परामर्शबाट प्राप्त भएका महत्त्वपूर्ण सुझावहरूलाई समेत यस कार्ययोजनमा यथोचित स्थान दिई आयोगले आ.व. २०७३ ।७४ मा गर्ने क्रियाकलाप र तिनको ढाँचासमेत तयार गरी कार्ययोजना तर्जुमा गरिएको छ ।

### १.४.२. सम्बन्धित विषयवस्तुको अध्ययन

कार्यसमुहले न्यायमा पहुँचसँग सम्बन्धित नेपालको कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट भएका निर्णय तथा आदेशहरू गत वर्षझैँ यस वर्ष पनि अध्ययन गरेको थियो। सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिका र सर्वोच्च अदालतको वेवसाइटबाट यी सामग्रीहरू सङ्कलन गरिएका थिए ।

### १.४.३ व्यक्तिगत भेटघाट

विभिन्न तहका अदालतका केही माननीय न्यायाधीश, सरकारी वकिल तथा नेपाल सरकारका उच्च अधिकारीहरूसँग व्यक्तिगत रूपमा भेटघाट गरी सम्बन्धित संस्थाबाट भैरहेका काम कारवाहीका बारेमा जानकारी सङ्कलन गरिएको थियो ।

### १.४.४ वेवसाइटको उपयोग

अध्ययनको कार्यलाई अझ प्रभावकारी बनाउन विभिन्न मुलुकका न्यायमा पहुँचसम्बन्धी व्यवस्था एवं अभ्यासबारे जानकारी लिएको छ । नेपाल सरकारका नीति र कार्यक्रमसम्बन्धी सूचना सङ्कलन गर्न वेवसाइटको बढी उपयोग गरिएको छ ।

### १.४.५ अवलोकन भ्रमण

सम्माननीय प्रधान न्यायाधीश तथा न्यायमा पहुँच आयोगका सदस्यहरूको स्वदेश तथा विदेशको अवलोकन भ्रमणबाट प्राप्त अनुभवहरूलाई छलफलमा ल्याई हाम्रो देशमा उपयोगी हुनसक्ने कुरालाई समावेश गरिएको छ ।

## १.५ वार्षिक कार्ययोजनाको ढाँचा

न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजनाका क्रियाकलापलाई ४ वटा परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद १ मा सामान्य परिचय उल्लेख गरिएको छ। परिच्छेद २ मा न्यायमा पहुँचसम्बन्धमा

अवलम्बन गरिएका कार्यक्रमसम्बन्धी जानकारी उल्लेख गरिएको छ । परिच्छेद ३ मा न्यायमा पहुँच आयोग र यसका गतिविधिहरू उल्लेख गरिएको छ । त्यसैगरी, परिच्छेद ४ मा आयोगको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक कार्ययोजनाका कार्यक्रम उल्लेख गरिएको छ । यस कार्ययोजनामा ३ वटा अनुसूचीहरू राखिएका छन् ।

## परिच्छेद - दुई

### न्यायमा पहुँचसम्बन्धमा अवलम्बन गरिएका कार्यक्रम

आयोगले सेवाग्राहीलाई लक्षित गरी के कस्ता कार्य गर्न आवश्यक छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ । सामान्यतया आयोगले लक्षित वर्गको सशक्तीकरणका लागि निम्नलिखित क्रियाकलाप सञ्चालन गर्ने योजना बनाएको छ ।

**२.१ सेवाग्राही (Demand Side) मा केन्द्रित कार्यक्रम**

(क) लक्षित वर्गका व्यक्तिलाई प्राप्त हक अधिकारका सम्बन्धमा जानकारीमूलक सामग्री उत्पादन गर्ने ।
(ख)लक्षित वर्गका व्यक्तिका हक अधिकारबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।
(ग) लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धमा प्रशिक्षक तयार पार्ने ।
(घ) लक्षित वर्गका व्यक्तिका हक अधिकारबारे प्रचार प्रसार गर्ने गराउने ।
(ङ) लक्षित वर्गका व्यक्तिको सशक्तीकरणका लागि कानूनी, संस्थागत आधार विकास गर्ने ।

**२.२ सेवाप्रदायक निकाय (Supply Side) मा केन्द्रित कार्यक्रम**

न्यायका आकाङ्क्षीका चाहना र अपेक्षालाई न्यायिक सेवा प्रदायक निकायले गम्भीरताका साथ लिनै पर्छ । आफ्ना निकायमा भएका स्रोत र साधनलाई मितव्ययी तरिकाले उपयोग गरी सेवाग्राहीको सेवाका लागि सदैव समर्पित हुन आवश्यक हुन्छ । सेवा प्रदायक निकायहरूसँग थुप्रै समस्या हुन सक्दछन् । ती समस्याहरूको समाधान समयमै गरी सेवाग्राहीको सन्तुष्टिलाई केन्द्रबिन्दुमा राखी कार्य गर्नुपर्ने हुन्छ । समान्यतया सेवाग्राहीलाई प्रदान गरिने सेवाका सम्बन्धमा निम्नलिखित विषयमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ ।

(क) न्यायमा पहुँचसम्बन्धी कानूनमा देखिएका अवरोधहरू पहिचान गरी त्यसमा सुधार गर्ने ।
(ख)न्यायमा पहुँचका क्षेत्रमा रहेका अवरोधक तत्त्वहरूको बारेमा अध्ययन प्रतिवेदनका आधारमा कार्य गर्ने ।
(ग) अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास गरी नियमित अनुगमन गर्ने ।
(घ) नि:शुल्क कानूनी सहायताको सेवा विस्तार गर्ने ।
(ङ) वैतनिक कानून व्यवसायीको सेवा विस्तार गरी प्रभावकारी बनाउने ।
(च) स्वेच्छिक कानूनी सेवा (Pro bono) लाई अझ प्रभावकारी बनाउने ।
(छ) अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि भाषा अनुवादकको सेवा प्रदान गर्ने ।

(ज) अदालतमा आफैँ प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा प्रदान गर्ने ।

(झ) अन्तर सरकारी निकायहरूसँग समन्वय गर्ने ।

(ञ) कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँग समन्वय गर्ने ।

## २.३ न्यायमा पहुँचसम्बन्धी पद्दतिका सबल पक्ष

लक्षित वर्गको न्यायमा पहुँचका लागि विभिन्न काम कारवाही भएका छन् । संविधान, कानून, अदालतका फैसला, प्रथा परम्परामा समेत कमजोर, असहाय, गरिब, महिला, बालक, बृद्धहरूलाई लक्षित गरी थुप्रै व्यवस्थाहरू भएका छन् । न्यायपालिकाको तर्फबाट पनि न्यायमा पहुँचका लागि थुप्रै कार्यहरू भएका छन् । न्यायमा पहुँचसम्बन्धी सबल पक्षहरू निम्नानुसार छन् :

(क) लक्षित वर्गलाई विशेष व्यवस्था गर्नुपर्ने संवैधानिक प्रत्याभूति रहेको छ ।

(ख) नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लाई अनुमोदन गरेको र यस प्रतिज्ञापत्रले सक्षम, स्वतन्त्र र निष्पक्ष निकायबाट न्याय पाउने नागरिक अधिकारको प्रत्याभूति गरेको हुँदा यस बारेमा राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धता रहेको छ ।

(ग) न्यायपालिकाको विभिन्न तहका अदालतहरूको संस्थागत संरचना देशको ७५ वटै जिल्ला सदरमुकामसम्म पुगेको छ भने आवश्यकताअनुसार विशेष अदालत, न्यायाधिकरण तथा अर्द्धन्यायिक निकायहरू पनि गठन भई कार्य गरिरहेका छन् ।

(घ) न्यायमा पहुँच आयोगको क्रियाकलापमा सम्माननीय प्रधान न्यायाधीशज्यूको नेतृत्व र प्रतिबद्धता रहेको छ ।

(ङ) न्यायमा पहुँच आयोग गठन भई सर्वोच्च अदालतमा आयोगको सचिवालय स्थापना गरी काम भइरहेको छ ।

(च) न्यायमा पहुँचसम्बन्धी केही क्रियाकलाप न्यायपालिकाको रणनीतिक योजनाअन्तर्गत पनि कार्यान्वयन भैरहेको हुँदा केही हदसम्म रणनीतिक आधारहरू पहिलेदेखि नै विद्यमान छन् ।

(छ) न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा आगामी १० वर्ष अर्थात, संवत् २०८० सालसम्ममा कुनै पनि अदालतमा १ वर्ष नाघेको अवस्थामा मुद्दाहरू नरहने स्थिति निर्माण गर्न आगामी पाँच वर्षमा १८ महिना नाघेको मुद्दा नरहने गरी नतिजा परिसूचक निर्धारण गरिएको छ ।

(ज) प्रतिनिधित्व र समावेशितालाई आधारभूत मूल्यका रूपमा स्वीकार गरिएको छ ।

(झ) न्यायपालिका र अन्य सम्बद्ध निकायहरूलाई न्यायमा पहुँच अभिवृद्धि हुने गरी कार्य गर्न आयोगबाट विभिन्न निर्णयहरू भएका छन् ।

(ञ) सर्वोच्च अदालतबाट न्यायिक प्रक्रियालाई गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउने तरिकाका बारेमा केही अध्ययन भएका छन् जसले आयोगलाई कार्य गर्ने आधार प्रदान गरेको छ ।

(ट) सबै अदालतमा वैतनिक वकिलको व्यवस्था गरी असहाय र आर्थिक रूपले कमजोर व्यक्तिलाई नि:शुल्क कानूनी सहायता उपलब्ध हुँदै आएको छ ।

(ठ) नेपाल सरकारले जिल्ला तहमा जिल्ला कानूनी सहायता समितिमार्फत आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराउँदै आएको छ।

(ड) खास प्रकृतिका मुद्दाहरूको सुनुवाइ बन्द इजलासबाट गरी पक्षको गोपनीयताप्रति अदालत संवेदनशील रहेको छ।

(ढ) बालबालिकासँग सम्बन्धित मुद्दा बाल इजलासबाट सुनुवाइ गरिने व्यवस्था रहेको छ।

(ण) अदालतमा मुद्दा दर्ता भएपछि समय तालिका लागू गरी अदालती कारवाही गर्न थालिएको छ।

(त) विशेष प्रकृतिका मुद्दामा निरन्तर सुनुवाइ प्रणालीलाई निरन्तरता दिइएको छ।

(थ) अदालतबाट प्रदान गरिने सेवामध्ये केही सेवालाई एक घण्टाभित्र प्रदान गर्ने कार्य प्रारम्भ भैसकेको छ।

(द) मुद्दाको कारवाही SMS बाट सम्बन्धित पक्षले पाउन सक्ने व्यवस्था मिलाइएको छ।

(ध) सम्बन्धित अदालतमा कार्यरत स्रेस्तेदार वैतनिक कानून व्यवसायीको मोबाइल नम्बर SMS बाट पाउन सकिने व्यवस्था मिलाइएको छ।

(न) न्यायिक संवाद कार्यक्रमको माध्यमबाट केही हदसम्म कानून र अदालतसम्बन्धी जानकारी समुदायसम्म पुर्‍याउने कार्यको थालनी भएको छ।

(प) रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमबाट न्यायमा पहुँचसम्बन्धी केही कार्यक्रमको प्रसारण सुरू भैसकेको छ।

(फ) सेवाग्राहीलाई केन्द्रविन्दुमा राखी कार्य गर्ने प्रणालीको विकास भइरहेको छ।

(ब) महान्यायाधिवक्ताको कार्यालयले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

(भ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

(म) नेपाल बार एसोसिएसनले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ।

(य) विभिन्न गैरसरकारी संस्थाले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

(र) सेवाग्राहीसँग गरिने व्यवहारलाई सुधार गर्न कर्मचारीहरूलाई विभिन्न विषयमा तालिम प्रशिक्षण दिंदै आएको, र सेवाग्राहीप्रति गरिने व्यवहारमा परिवर्तन आएको छ।

## २.४ न्यायमा पहुँचसम्बन्धी पद्धतिका कमजोर पक्ष

यति हुँदाहुँदै पनि सबै नागरिकको न्यायमा पहुँच सहज भएको छ भन्न सकिने अवस्था छैन। न्यायमा सहज पहुँचमा अवरोधहरू अझै पनि विद्यमान छन्। यी अवरोधहरू समाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक,

भाषिक विभिन्न स्वरूपमा रहेका छन्। न्यायपालिकाको एक्लो प्रयासले मात्र यी अबरोधहरू हटाउन सम्भव छैन । यसका लागि राज्यका हरेक अङ्गको सहयोग आवश्यक पर्छ । समयमै कानूनको निर्माण तथा संशोधन, बजेट तथा सक्षम जनशक्तिको आपूर्तिका साथै पर्याप्त भौतिक स्रोत साधन उपलब्ध हुनुपर्छ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले गरेको अपराधसम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ अनुसार अपराधमा ४२.३ प्रतिशत पुरूष संलग्न हुने, अपराधबाट सबैभन्दा बढी महिला ५०.७ प्रतिशत र बालबालिका १२.३ प्रतिशत पीडित हुने गरेको देखिन्छ । साथै नेपाल सरकारले उपलब्ध गराएको कानूनी सहायताको सम्बन्धमा ८७.७ प्रतिशतलाई केही जानकारी नभएको, ८.६ प्रतिशतले मुद्दा हेर्ने अधिकारी (अदालत र अर्धन्यायिक निकाय) बाट राम्रो व्यवहार हुन्छ भनेका, ४०.८ प्रतिशतले सामान्य व्यवहार भएको, ११.१ प्रतिशतले राम्रो छैन भन्ने जवाफ दिएका रहेछन्। ४.६ प्रतिशतले जिल्ला कानूनी सहायता समिति र वैतनिक वकिलबाट सेवा पायौ भन्ने र ८७.५ प्रतिशतले सेवा पाउन सकिएन भन्ने जवाफ दिएका रहेछन्।

क्षतिपूर्तिको सम्बन्धमा सोधिएको प्रश्नमा ७३.० प्रतिशत पीडितले क्षतिपूर्ति तत्कालै पाइएन भनी जवाफ दिएको पाइन्छ भने ९१.७ प्रतिशतले अपराधबाट पीडित भएपछि क्षतिपूर्ति प्राप्त गर्न नसकेको भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी, ६३.२ प्रतिशतले सरकारी साक्षीलाई बकपत्र गर्दा आउने जाने खर्च नपाएको भनी जवाफ दिएको पाइन्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट भएको यस सर्वेक्षण नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग मात्र सम्बन्धित रहेको छ । तर पनि राज्यले मुद्दाका पक्षलाई कानूनी सहायताअन्तर्गत थुप्रै रकम खर्च गरिरहेको छ । संरचनागत व्यवस्था पनि विद्यमान छ । वैतनिक वकिलको व्यवस्था पनि छ । अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति तथा अन्य गैरसरकारी संस्थाहरूबाट समेत कानूनी सहायताको सेवा उपलब्ध गराउँदै आएका छन् । तर उपलब्ध सेवाको प्रभावकारिताको बारेमा कुनै सर्वेक्षण भने भएको छैन । सङ्क्षेपमा, न्यायमा पहुँचका सम्बन्धमा रहेका कमजोर पक्षहरू निम्नलिखित छन्:

(क) अदालतको संरचना जिल्लाको सदरमुकामसम्म पुगे तापनि स्थानीय तहमा न्यायिक निकायहरू पुग्न सकेका छैनन्।

(ख) स्थानीय निकायले न्यायिक अधिकार प्रयोग गर्न सकेको छैन।

(ग) स्थानीय निकायसँग दक्ष न्यायिक जनशक्ति रहेको छैन।

(घ) न्यायमा पहुँच नागरिकको अधिकारको रूपमा स्थापित भैसकेको वर्तमान अवस्थामा यस चुनौतीलाई सम्बोधन गर्न विद्यमान जनशक्तिको क्षमता पर्याप्त छैन।

(ङ) न्यायपालिकालाई अपेक्षित मात्रामा बजेट प्राप्त हुन सकेको छैन र न्यायापालिकालाई आवश्यक आर्थिक स्रोत आफैँले जुटाउने अधिकार छैन।

(च) न्यायिक प्रक्रियामा अवलम्बन गरिने कतिपय कार्यविधिहरू परम्परागत, झन्झटिला र औपचारिक खालका छन्।

(छ) न्यायमा पहुँचसम्बन्धी कानूनी व्यवस्थाहरू विभिन्न ऐनमा छरिएर रहनुका अतिरिक्त भएका व्यवस्था पनि पर्याप्त छैनन् ।

(ज) न्यायपालिकाको रणनीतिक योजना छ तर न्यायमा पहुँच आयोगको आफ्नो छुट्टै रणनीतिक योजना बनिसकेको छैन ।

(झ) न्यायिक कार्यमा संलग्न विभिन्न निकायका कर्मचारीहरूको व्यवहार सेवाग्राहीमैत्री छैन भन्ने सेवाग्राहीको गुनासो रहेको छ ।

(ञ) न्यायसम्बन्धी सेवाप्रदायक संयन्त्रहरूको कामको प्रभावकारिता नभएको भन्ने गुनासो रहेको छ ।

(ट) न्यायिक काम कारवाहीमा ढिलाइ हुने गरेको गुनासो रहेको छ ।

(ठ) वैतनिक वकिलको सेवा गुणस्तरीय र प्रभावकारी नभएको गुनासो छ ।

(ड) कानूनी सहायतासम्बन्धी ऐनमा पुनरावलोकन गर्नु पर्ने देखिएको छ ।

(ढ) न्यायमा पहुँचसम्बन्धी कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन हुन सकेको छैन ।

(ण) न्यायमा पहुँचसम्बन्धमा अहिलेका सूचकहरूबाट सन्तोष लिने ठाउँ देखिएको छैन ।

(त) न्यायिक जनशक्तिले सेवाग्राहीमैत्री व्यवहार पूर्णरूपमा गर्न सकिरहेका छैनन् ।

(थ) पीडितले तत्कालै क्षतिपूर्ति पाउन सकेका छैनन् ।

(द) भौतिक संरचना अपाङ्गमैत्री छैनन् ।

## २.५ न्यायमा पहुँचसम्बन्धी पद्धतिका लागि उपलब्ध अवसर

संविधानले खास वर्ग र समुदायका व्यक्तिका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था गर्नुका साथै संयुक्त राष्ट्र संघले पनि स्वतन्त्र, प्रभावकारी र जवाफदेही न्याय प्रणाली, सबैलाई समान पहुँच उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको अवस्थामा न्यायमा पहुँच आयोगलाई लक्षित वर्गसम्म न्यायमा पहुँचसम्बन्धी कार्य गर्न सहज हुने अवस्था रहेको छ । यिनै सकारात्मक आधारमा न्यायमा पहुँचका लागि निम्न तथ्यहरू अवसरका रूपमा रहेका छन् ।

(क) चौधौं योजनाको आधारपत्रमा न्यायमा पहुँच विषयलाई समावेश गरिएको छ ।

(ख) संयुक्त राष्ट्रसंघीय महासभाबाट पारित दिगो विकास लक्ष्य (Sustainable Development Goals) को लक्ष्य नं. १६ मा सन् २०३० सम्म सबैलाई न्याय प्रणालीसम्मको समान पहुँच गराउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

(ग) न्यायमा पहुँचसम्बन्धी अवधारणालाई असल शासनसम्बन्धी एउटा प्रमुख तत्त्वको रूपमा स्वीकार गरिएको छ ।

(घ) जनमानसमा न्यायसम्बन्धी हकका बारेमा जागरण बढ्दै गएको हुँदा न्यायमा पहुँच आयोगले कार्यान्वयन गर्ने कार्यक्रमको माग अभिवृद्धि हुने सम्भावना छ ।

(ङ) समाजको ठुलो हिस्सा न्यायको पहुँचबाट बाहिर रहेको अवस्था भएकोले न्यायमा पहुँच आयोगलाई पर्याप्त कार्यक्षेत्र उपलब्ध हुनेछ ।

(च) सरकारी तथा गैरसरकारी निकायहरूले पनि यस क्षेत्रमा कार्य गरिरहेको हुँदा ती निकायसँग सहकार्य र समन्वयको सम्भावना रहेको छ।

(छ) न्यायमा पहुँच आयोगको कार्यक्षेत्र नागरिकको सेवाका लागि लक्षित हुँदा अन्तर्राष्ट्रिय विकास साझेदारको आकर्षण र चासोसमेत अभिवृद्धि हुँदै गएको छ।

## २.६ न्यायमा पहुँचसम्बन्धी पद्धतिका चुनौती

न्यायमा पहुँचका सम्बन्धमा सबल पक्ष, कमजोर पक्षका साथै विभिन्न अवसर हुँदाहुँदै पनि हाम्रा सामु केही चुनौतीहरू रहेका छन्। न्यायमा सहज पहुँचका देखिएका चुनौतीहरू देहायबमोजिम छन् :

(क) आम जनतामा न्यायिक निकाय / संस्थाप्रति विश्वासमा बढाउन चुनौती रहेको आयोगको काममा सहयोगी भावना जुटाउन कठिन हुन सक्छ।

(ख) लक्षित वर्गका व्यक्तिहरूको कमजोर शैक्षिकस्तरका कारण न्यायमा पहुँच आयोगले आफ्ना क्रियाकलाप उनीहरूसम्म पुर्‍याउन कठिन हुन सक्छ।

(ग) न्यायसम्बन्धी सेवामा कानून व्यवसायीको ठुलो भूमिका रहने तथा न्यायको प्राप्तिका लागि लाग्ने खर्चमा कानून व्यवसायीको सेवा लिँदा तिर्नुपर्ने खर्चसमेत पर्ने भए तापनि कानून व्यवसायीको शुल्क नियमित गर्ने प्रणालीको विकास छैन।

(घ) अदालतबाहेक अन्य अर्द्धन्यायिक संयन्त्रहरूमा न्यायपालिकाको नियन्त्रण र पहुँच छैन।

(ङ) आयोग वा अदालतलाई आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउने निकाय अदालत वा आयोगको नियन्त्रणमा छैनन्।

(च) विभिन्न निकायबाट भैरहेका न्यायमा पहुँचसम्बन्धी कामहरूको समन्वय गर्ने प्रभावकारी संयन्त्रको विकास हुन सकेको छैन।

## परिच्छेद तिन

## न्यायमा पहुँच आयोग र यसका गतिविधि

न्यायमा पहुँच आयोगले वार्षिक कार्ययोजनाअनुसारका क्रियाकलाप सञ्चालन गर्दै आएको छ। आयोग स्थापना भएको छोटो अवधिमा यसले थुप्रै काम गर्न सफल भएको छ। आयोगले स्थापना भएको सुरूका वर्षमा खासगरी अध्ययन अनुसन्धानमा बढी जोड दियो।

न्यायमा पहुँच आयोगको मिति २०७२।५।२९ मा बसेको बैठकले आ.व. २०७२/०७३ को लागि वार्षिक कार्ययोजना र आयोगको कार्यसञ्चालन निर्देशिका,२०७२ पारित गरेको थियो। कार्ययोजना, कार्यसञ्चालन निर्देशिका र समयसमयमा बसेको आयोगको बैठकबाट भएका निर्णयका आधारमा आयोगका कामकारवाही सम्पादित हुँदै आएका थिए। आ.व. २०७२/७३ मा सम्पन्न आयोगका कामकारवाहीको सारसंक्षेप देहायबमोजिम छ।

### ३.१ आयोगका बैठकबाट भएका निर्णय

आयोगको बैठक सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा बस्दै आएको छ। गत आर्थिक वर्षमा आयोगले निम्न कार्य गरेको थियो :

(क) आ.व. ०७२/७३ को वार्षिक कार्ययोजना पारित भएको।

(ख) आयोगको कार्य सञ्चालन निर्देशिका पारित भएको भएको।

(ग) आयोगबाट हुने अनुसन्धानमूलक कार्यलाई व्यवस्थित गर्न सर्वोच्च अदालतका तत्कालीन वरिष्ठतम माननीय न्यायाधीश श्री सुशीला कार्कीको संयोजकत्वमा अनुसन्धान निर्देशक समिति गठन भएको।

(घ) अदालतको कारवाहीमा दोभाषे सेवा प्रयोगसम्बन्धी निर्देशिका, २०७२ लाई कार्यान्वयनमा ल्याउने निर्णय भएको।

(ङ) न्यायमा पहुँच अभिवृद्धिका लागि विपन्न, असहाय र असक्षम वर्गका व्यक्ति पहिचान गर्ने आधार विषयक अध्ययन प्रतिवेदन पारित भएको।

(च) न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतका सेवाग्राहीहरूमा लक्षित कार्यक्रम गर्न यस क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरू इच्छुक देखिएकोले यस्ता संस्थाहरूले गर्न सक्ने कार्यहरू, त्यसको तरिका र पद्धति पहिचान गरी अदालतमा सेवाग्राहीका लागि यस्ता कार्य सञ्चालन गर्ने बारेको निर्देशिकाको मस्यौदा तयार पार्न अध्ययन कार्यसमुह बनाउने निर्णय गरेको।

(छ) महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई तिनका अधिकारका बारेमा अलग-अलग जानकारीमूलक पुस्तिकाहरूको तयारी, छपाई र वितरण गर्ने निर्णय भएको।

(ज) मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा भएको अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न सर्वोच्च अदालतमा पठाउने निर्णय भएको।

(झ) न्यायमा पहुँच आयोगका कार्यहरूलाई प्रभावकारी बनाउन न्यायमा पहुँच विज्ञ समुह गठन गर्न सर्वोच्च अदालतलाई लेखी पठाउने निर्णय भएको।

(ञ) न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा बेसलाइन सर्वेक्षण गर्न आवश्यक देखिएकोले यससम्बन्धी विस्तृत अवधारणापत्र तयार गर्न आयोगका सदस्य एवं पुनरावेदन अदालत, पाटनका माननीय मुख्य न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईलाई जिम्मेवारी दिने निर्णय भएको।

(ट) कारागारमा रहेका महिला कैदीहरूको अवस्थाको अध्ययन गरी कैद मुक्त भएपछि सामाजमा पुन:स्थापनाका लागि के गर्दा उपयुक्त हुन्छ सोसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न आयोगका सदस्य श्री दुर्गा सोवलाई जिम्मेवारी दिने निर्णय भएको।

## ३.२ अनुसन्धान निर्देशक समिति

आयोगबाट हुने अध्ययन अनुसन्धान तथा अन्य क्रियाकलापलाई व्यवस्थित गर्न सर्वोच्च अदालतका तत्कालीन वरिष्ठतम माननीय न्यायाधीश श्री सुशीला कार्कीको संयोजकत्वमा आयोगका सदस्य प्रा. श्री कुमार इङ्गनाम र माननीय जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुली सदस्य भएको अनुसन्धान निर्देशक समिति गठन भएको थियो। समितिको बैठकबाट श्री गोविन्दकुमार श्रेष्ठलाई महिला, विपन्न, असहाय र असक्षम समेतका व्यक्तिका अधिकारसम्बन्धी स्रोत पुस्तिका तयार गर्न र श्री एकराज आचार्यलाई मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन गर्न दिने निर्णय भएको थियो।

स्वतन्त्र अनुसन्धानकर्ता डा. श्री एकराज ओझाबाट न्यायिक र अर्द्धन्यायिक निकायहरूमा चलेका मुद्दाका पीडित, वादी वा प्रतिवादी रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्थाको पहिचान गरी सुझावसहितको प्रतिवेदन लिने र उप-प्रा. श्री बलरामप्रसाद राउतबाट मुद्दा मामिलामा संलग्न हुन परेको कारणबाट पक्षहरूले वा पीडितहरूले व्यहोर्नु पर्ने खर्चहरूको विश्लेषण गरी सुझावसहितको अध्ययन प्रतिवेदन तयार गर्न जिम्मेवारी दिने निर्णय भएको थियो।

## ३.३ अन्य बैठक

सर्वोच्च अदालतका रजिस्ट्रार तथा आयोगका सदस्य सचिव श्री श्रीकान्त पौडेलको अध्यक्षतामा बसेको बैठकले आयोगको वार्षिक कार्ययोजना कार्यान्वयनका लागि कार्यसमुहको निर्माण, आयोगबाट गरिनु पर्ने कार्यहरूको प्राथमिकीकरण निर्धारण गरेको थियो। निर्देशक समितिले पहिचान गरेको अनुसन्धान कार्यलाई सहजरूपमा अगाडि बढाई विज्ञसँग अदालतको समन्वय कायम गरी अनुसन्धानलाई गति प्रदान गर्न सर्वोच्च अदालतका इजलास अधिकृतहरूलाई तोकेको थियो। समितिको बैठकले रेडियो र

टेलिभिजनमा न्यायमा पहुँचसम्बन्धी जानकारीमूलक सूचना / सन्देशहरू प्रशारण गर्ने, कर्मचारीहरूलाई सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा तालिम दिने, न्यायमा पहुँचसम्बन्धी जानकारीपत्रको तयारी र छपाइ गर्ने, अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नेलगायतका विविध निर्णयहरू गरेको थियो । यस समितिले महिला, विपन्न, असहाय र असक्षम समेतका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन प्रशिक्षण पुस्तिकासमेत पारित गरेको छ ।

## ३.४ अध्ययन अनुसन्धान

न्यायमा पहुँच आयोग स्थापनाको प्रारम्भिक वर्षमा यसले आफ्नो लक्ष्य र दिशा तय गर्नमा सफल भई त्यससँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको सुरूवात गरेको छ । अध्ययन अनुसन्धानबाट प्राप्त भएका उपयुक्त सुझावहरूका आधारमा न्यायमा पहुँचका सम्बन्धमा देखिएका अवरोध तत्त्वहरूलाई निराकरण गर्दै लैजान सहयोग पुग्ने देखिन्छ ।

### ३.४.१ प्रतिवेदन प्राप्त भएका अध्ययन

(क) न्यायमा पहुँच आयोगका सदस्य प्रा. श्री कुमार इङनामको संयोजकत्वमा गठित अध्ययन समूहबाट न्यायमा पहुँच अभिवृद्धिका लागि विपन्न, असहाय र असक्षम वर्गका व्यक्ति पहिचान गर्ने आधारहरू विषयक प्रतिवेदन आयोगसमक्ष पेस भई पारित भएको छ ।

(ख) विज्ञ श्री गोविन्दकुमार श्रेष्ठबाट महिला, विपन्न, असहाय र असक्षमसमेतका व्यक्तिका अधिकारसम्बन्धी स्रोत पुस्तिका आयोगमा प्राप्त भएको छ ।

(ग) विज्ञ एकराज आचार्यबाट मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका बारेमा अध्ययन प्रतिवेदन पेस भई कार्यान्वयनका लागि सर्वोच्च अदालत प्रशासनमा पठाइएको छ ।

(घ) विज्ञ डा. श्री एकराज ओझाबाट न्यायिक र अर्द्धन्यायिक निकायहरूमा चलेका मुद्दाका पीडित, वादी वा प्रतिवादी रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्था पहिचान विषयको अध्ययन भई प्रतिवेदन प्राप्त भएको छ ।

(ङ) विज्ञ श्री बलरामप्रसाद राउतबाट मुद्दा मामिलामा संलग्न हुनु परेको कारण पक्षहरू वा पीडितहरूले व्यहोर्नु पर्ने खर्चहरूको विश्लेषण विषयको अध्ययन अनुसन्धान कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ ।

(च) साङ्केतिक भाषाको आवश्यकता पहिचान गरी अध्ययन प्रतिवेदन पेस गर्न सहरजिस्ट्रार श्री नृपध्वज निरौलाको संयोजकत्वमा कार्यसमुह गठन भएकोमा कार्यसमुहबाट अध्ययन प्रतिवेदन प्राप्त भइसकेको छ ।

(छ) सहरजिस्ट्रार श्री नहकुल सुवेदीको संयोजकत्वमा न्यायिक वा अर्द्धन्यायिक निकायको

आदेशबमोजिम माग भएको धरौटी तिर्न नसकी पुर्पक्षका लागि थुनामा बस्न बाध्य भएका व्यक्तिहरूको बारेमा अध्ययन समूह गठन भई प्रतिवेदन प्राप्त भएको छ।

### ३.४.२ अध्ययन भइरहेका विषय

(क) न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा बेसलाइन सर्वेक्षण गर्न आवश्यक देखिएकोले यससम्बन्धी विस्तृत अवधारणापत्र तयार गर्न आयोगका सदस्य एवं पुनरावेदन अदालत, पाटनका माननीय मुख्य न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईलाई जिम्मेवारी दिई कार्य भइरहेको छ।

(ख) कारागारमा रहेका महिला कैदीहरूको अवस्थाको अध्ययन गरी कैदबाट मुक्त भएपछि सामाजमा पुन:स्थापनाका लागि के गर्दा उपयुक्त हुन्छ सोसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न आयोगका सदस्य श्री दुर्गा सोवको संयोजकत्वमा अध्ययन कार्यसमुह गठन भई अनुसन्धान प्रस्ताव तयार भैरहेको छ।

(ग) अर्ध-न्यायिक निकायमा वैतनिक कानून व्यवसायीको सेवा विस्तारसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न सहरजिस्ट्रार श्री विपुल न्यौपानेको संयोजकत्वमा कार्यसमुह गठन भई कार्य प्रारम्भ भएको छ।

(घ) महिला, विपन्न, असहाय र असमर्थ व्यक्तिहरूका अधिकार संरक्षणसम्बन्धी विद्यमान कानूनमा संशोधन गर्नेसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न महानिर्देशक श्री महेन्द्रनाथ उपाध्यायको संयोजकत्वमा कार्यसमुह गठन भई कार्य प्रारम्भ भएको छ।

(ङ) न्यायमा पहुँच अभिवृद्धिका क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरूले अदालतबाट प्रवाह हुने सेवामा सेवाग्राहीहरूलाई सहजीकरण हुने गरी सामाजिक संस्थाहरूले गर्न सक्ने कार्यहरू, त्यसको तरिका र पद्धति पहिचान गरी अदालतका सेवाग्राहीका लागि यस्ता कार्य सञ्चालन गर्ने बारेको निर्देशिका निर्माणका लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न काठमाडौं जिल्ला अदालतका मा.जि.न्या. श्री सूर्यप्रसाद पराजुलीको संयोजकत्वमा कार्यसमुह गठन भई कार्य प्रारम्भ भइरहेको छ।

(च) न्यायमा पहुँचसम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सङ्कलन तथा प्रकाशन गर्न अध्ययन गरी प्रतिवेदन पेस गर्न सहरजिस्ट्रार श्री नहकुल सुवेदीको संयोजकत्वमा कार्यसमुह गठन भई कार्य प्रारम्भ भएको छ।

(छ) स-साना प्रकृतिका मुद्दाहरू तथा महिला, बृद्ध, नाबालक, असहाय, विपन्न वर्गका व्यक्ति संलग्न मुद्दाहरूको कारवाई द्रुत गतिमा सम्पन्न गर्ने उपायबारेमा सहरजिस्ट्रार श्री नहकुल सुवेदीको संयोजकत्वमा अध्ययन समूह गठन भई कार्य प्रारम्भ भइरहेको छ।

(ज) हालका अदालतको भौतिक अवस्था विश्लेषण गरी तिनीहरूलाई अपाङ्गता भएका व्यक्ति,

नाबालक, गोपनीयता र सुरक्षा कायम गर्नु पर्ने व्यक्तिसमेतका लागि उपयुक्त संरचनाको विकास गर्न थप गर्नुपर्ने कार्यको पहिचान गर्ने बारेमा सहरजिस्ट्रार श्री लालबहादुर कुँवरको संयोजकत्वमा अध्ययन समूह गठन भई कार्य प्रारम्भ भैरहेको छ ।

### ३.४.३ सम्झौताको क्रममा रहेका अध्ययनका विषय

न्यायमा पहुँचसँग सम्बन्धित निम्नलिखित विषयमा अध्ययन गर्ने निर्णय गरिएको भए तापनि विभिन्न कारणबाट समयमै अध्ययन प्रस्ताव प्राप्त हुन सकेन । यस आर्थिक वर्षमा ती विषयमा अध्ययन गर्ने गरी यस कार्ययोजनामा समावेश गरिएको छ ।

(क) न्यायमा पहुँचको सम्बन्धमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक अवरोधहरूको पहिचान ।

(ख) अर्द्धन्यायिक निकाय र न्यायाधिकरणले प्रदान गर्ने सेवामा पक्षहरूलाई लाग्ने खर्च, मुद्दाको कारवाहीका लागि लाग्ने समय तथा प्रक्रियागत जटिलताको अवस्था ।

## ३.५ प्रशिक्षण कार्यक्रम

आयोगलाई लक्षित वर्गका व्यक्तिका हक अधिकारसम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्यादेश भए बमोजिम आ.व. २०७२/७३ मा लक्षित वर्गका व्यक्तिका हक अधिकारका सम्बन्धमा दक्ष प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो । त्यसैगरी सेवाग्राहीसँग गरिने व्यवहारको सम्बन्धमा पनि केही जिल्ला अदालत र पुनरावेदन अदालतमा कार्यरत कर्मचारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ३.५.१ प्रशिक्षक प्रशिक्षण कार्यक्रम

(क) मिति २०७२।११।०९ देखि मिति २०७२।११।१० सम्म सर्वोच्च अदालतमा **न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहमा प्रशिक्षण दिने प्रयोजनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम** सञ्चालन भएको थियो । यस प्रशिक्षण कार्यक्रममा २३ जिल्लाका २३ जना माननीय जिल्ला न्यायाधीश र २२ जना स्रेस्तेदार र २ जना शाखा अधिकृत गरी जम्मा ४७ जनाको सहभागिता रहेको थियो । सहभागीहरूको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

(ख) सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा प्रशिक्षक तयार गर्ने उद्देश्यले उपत्यकाभित्र न्याय समूहमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी र राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारीलाई लक्षित गरी सञ्चालित प्रशिक्षण कार्यक्रममा उपत्यकाभित्रका ८ जना सहरजिस्ट्रार तथा रजिस्ट्रारहरू, ४९ जना उप-सचिवहरू र १ जना लेखा अधिकृत सहभागी हुनुभएको

थियो। सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री सुशीला कार्कीज्यूबाट उद्घाटन भएको यस कार्यक्रममा विषय विज्ञ श्री रामभक्त श्रेष्ठ र श्री आभाष निरौलाले सहभागीहरूलाई प्रशिक्षित गराउनुभएको थियो। मिति २०७३।२।११ देखि मिति २०७३।२।१३ सम्म बिहान ७.०० बजेदेखि ९.३० बजेसम्म सञ्चालन भएको थियो। सेवाग्राहीसँग व्यवहार गर्ने सम्बन्धमा तालिम प्राप्त ५८ जना जनशक्तिलाई प्रशिक्षकका रूपमा तयार पारिएको छ। सहभागीहरूको नामावली अनुसूची २ मा राखिएको छ।

(ग) मिति २०७३।२।१४ देखि मिति २०७३।२।१५ सम्म बिराटनगरमा **न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहमा प्रशिक्षण दिने प्रयोजनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम** सञ्चालन भएको भयो। यस कार्यक्रको समुद्घाटन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपकराज जोशीज्यूबाट भएको थियो। यस प्रशिक्षण कार्यक्रममा १४ जिल्लाका १४ जना माननीय जिल्ला न्यायाधीश र १५ जना स्रेस्तेदार गरी जम्मा २९ जनाको सहभागिता रहेको थियो। सहभागीहरूको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ।

(घ) मिति २०७३ ।२ ।२१ देखि मिति २०७३ ।२ ।२२ सम्म नेपालगन्जमा **न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहमा प्रशिक्षण दिने प्रयोजनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम** सञ्चालन भयो। यस प्रशिक्षण कार्यक्रममा १७ जना माननीय जिल्ला न्यायाधीश, १ जना रजिस्ट्रार, २ जना उपरजिस्ट्रार र १७ जना स्रेस्तेदार समेत गरी जम्मा ३७ जनाको सहभागिता रहेको थियो। सहभागीहरूको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ।

उल्लिखित कार्यक्रमहरूमार्फत ५४ जिल्लाका ५४ जिल्ला न्यायाधीश, १ जना पुनरावेदन अदालतका रजिस्ट्रार, २ जना उपरजिस्ट्रार, ५४ जना स्रेस्तेदार र २ जना शाखा अधिकृत गरी आ.व. ०७२।०७३ मा जम्मा ११३ जना न्यायकर्मीहरूलाई न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहमा दिइने प्रशिक्षणका लागि प्रशिक्षक तयार पारिएको छ।

### ३.५.२ सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम

आयोगले सेवाग्राहीलाई केन्द्रविन्दुमा राखी सेवा प्रदायक निकायबाट काम कारवाही गरिनु पर्छ भन्ने कुरामा सदैव जोड दिँदै आएको छ। सेवाग्राहीहरू सेवाका लागि अदालतमा आउँदा सर्वप्रथम कर्मचारीसँग नै सम्पर्क हुन्छ। अदालतको जनआस्थालाई बढाउने प्रारम्भिक चरण भनेकै कर्मचारीको कार्यशैली र व्यवहार हो। हाम्रा कार्यशैलीकै आधारमा संस्थाप्रति जनताको विश्वास बढ्ने र घट्ने गर्दछ। सेवाग्राहीको विश्वास जित्न सकेमा जनआस्थामा बृद्धि हुन्छ। यसैले सेवाग्राहीसँग कसरी व्यवहार गर्ने भन्ने सम्बन्धमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी आयोगबाट निम्न लिखित क्रियाकलाप सम्पन्न गरियो:

(क) सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा सर्वोच्च अदालतमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी मिति २०७२।७।१९ देखि मिति २०७२।२।२० सम्म विज्ञ रामभक्त श्रेष्ठद्वारा दुई दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो।

(ख) सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा पुनरावेदन अदालत बिराटनगर र मोरङ जिल्ला अदालतमा कार्यरत ५० जना कर्मचारीहरूलाई मिति २०७३।२।१५ गते शनिवारका दिन एक दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक श्री महेन्द्रनाथ उपाध्याय र प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनालद्वारा सहभागीहरूलाई प्रशिक्षण दिइएको थियो। सहभागीहरूको नामावली अनुसूची ३ मा छ।

(ग) सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा पुनरावेदन अदालत, नेपालगन्ज, बाँके जिल्ला अदालत, सुर्खेत जिल्ला अदालत र दाङ जिल्ला अदालतमा कार्यरत ५५ जना कर्मचारीहरूलाई नेपालगञ्जमा मिति २०७३ ।२ ।२२ गते शनिवारका दिन एक दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। फैसला कार्यान्वयन निर्देशनालयका महार्निदेशक श्री महेन्द्रनाथ उपाध्याय, माननीय जिल्ला न्यायाधीश डा. श्री रमेश रिजाल, इजलास अधिकृतद्वय श्री लोकनाथ पराजुली र श्री अर्जुनप्रसाद कोइरालाद्वारा सहभागीहरूलाई प्रशिक्षण दिइएको थियो। सहभागीहरूको नामावली अनुसूची ३ मा छ।

(घ) सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा रौतहट जिल्ला अदालतका ३९ जना, सर्लाही जिल्ला अदालतका ३५ जना र सिराहा जिल्ला अदालतका ३७ जना सहायकस्तरका कर्मचारीहरूलाई सोही जिल्ला अदालतहरूमा मिति २०७३।३।११ गते शनिवारका दिन एक दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। उल्लिखित जिल्लाहरूमा सर्वोच्च अदालतका इजलास अधिकृतहरू श्री बेदप्रसाद उप्रेती, श्री विश्वनाथ भट्टराई, श्री कोशलेश्वर ज्ञवाली, श्री लोकनाथ पराजुली र श्री मुकुन्द आर्चायले प्रशिक्षण दिनुभएको थियो। सहभागीहरूको नामावली अनुसूची ३ मा छ।

### ३.५.३ न्यायिक सुशासनसम्बन्धी प्रशिक्षण कार्यक्रम

(क) सर्वोच्च अदालतबाट न्यायिक सुशासनसम्बन्धमा काठमाडौं, ललितपुर, भक्तपुर, धनुषा, मोरङ, सुनसरी, सप्तरी, झापा, नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्ला अदालतमा र पुनरावेदन अदालत जनकपुर र बुटवलमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो।

## ३.६ अन्य कार्यक्रम

(क) प्रचार प्रसार: विभिन्न गतिविधिका जानकारीमूलक पुस्तिका, रेडियो, टिभी मार्फत जनचेतनामूलक सामग्री प्रसारण, सेवाग्राहीहरूद्वारा अदालतमा मुद्दाको कामकारवाहीको क्रममा

पेस गर्ने विभिन्न प्रकारका निवेदनहरूको ढाँचा (Templates) सर्वोच्च अदालतको वेवसाइट http://www.supremecourt.gov.np मा राखिएको छ।

(ख) नक्कल दिने, तारेख दिने, निवेदन दर्ता गर्ने लगायतका स-साना कार्यहरूमा सेवाग्राहीको काम १ घण्टाभित्र प्रदान गर्ने कार्यको थालनी तथा अनुगमन भइरहेका छन्।

(ग) प्रत्येक जिल्ला अदालतका स्रेस्तेदार तथा वैतानिक वकिलको नाम र मोबाइल नम्बर सर्वोच्च अदालतको वेवसाइटमा राखिएको छ। SMS मार्फत पनि स्रेस्तेदार तथा वैतानिक वकिलको नाम र नम्बरहरू प्राप्त गर्न सकिने प्रविधिको विकास गरिएको छ।

न्यायमा पहुँचका सम्बन्धमा केही सकारात्मक लक्षण देखिदै आए तापनि यसमा अझै थुप्रै काम गर्नुपर्ने देखिन्छ। आयोगको आफ्नो रणनीतिक योजना निर्माण गर्नु पर्नेछ। न्यायमा पहुँच आयोग स्थापना हुनासाथ सबै समस्याहरू स्वत: समाधान हुने पनि होइनन्। न्यायमा पहुँचसम्बन्धी जनचेतना बढाउनु छ। न्यायिक जनशक्तिलाई यससम्बन्धी जानकारी दिनु छ। न्यायमा पहुँच पुर्‍याउन अवरोधक कानूनमा सुधार ल्याउनु पर्ने हुन्छ। नयाँ कानून बनाउन आवश्यक पहल गर्नु पर्ने हुन्छ। लक्षित वर्गसम्म अदालतका सेवा सुविधा सरल र सुलभरूपमा पुर्‍याउन चुनौती रहेको छ। यी सबै चुनौतीहरूलाई एकै पटक समाधान गर्न सम्भव छैन। न्यायमा पहुँचसम्बन्धी रणनीतिक योजना नभएको यस अवस्थामा आयोगले उल्लिखित समस्याहरूलाई केन्द्रमा राखी आ.व. २०७३/७४ का लागि गर्नुपर्ने क्रियाकलापहरूलाई यसपछिको परिच्छेदमा उल्लेख गरिएको छ।

## परिच्छेद चार

## न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना

### ४.१ लक्ष्य १: न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण गर्ने

**कार्यक्रम १.१: न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी संरचना**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय/ पदाधिकारी | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १. | न्यायमा पहुँच आयोगसम्बन्धमा सर्वोच्च अदालत नियमावलीमा गर्नुपर्ने संशोधनको मस्यौदा गर्न कार्यसमुह गठन गर्ने। | आयोग | सर्वोच्च अदालत | कार्यसमुह गठन | २०७३ साउन |
| २. | सर्वोच्च अदालत नियमावलीमा संशोधनको मस्यौदा गर्न गठित कार्यसमुहले मस्यौदासहितको प्रतिवेदन आयोगमा पेस गर्ने। | कार्यसमुह | रजिस्ट्रार | मस्यौदा प्रतिवेदन | २०७३ असोज |
| ३. | सर्वोच्च अदालत नियमावलीमा न्यायमा पहुँच आयोगसम्बन्धी आवश्यक व्यवस्था समावेश गरी संशोधन गर्न सर्वोच्च अदालतमा सिफारिस गर्ने। | आयोग | रजिस्ट्रार | सिफारिस | २०७३ असोज |
| ४. | सर्वोच्च अदालत नियमावली संशोधनका लागि समन्वय गर्ने। | आयोग | रजिस्ट्रार | समन्वय बैठक | २०७३ कात्तिक |

**कार्यक्रम १.२: आयोगको रणनीतिक योजना तर्जुमा र संस्थागत सुदृढीकरण**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय/ पदाधिकारी | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँच आयोगको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ माघ |
| २ | न्यायमा पहुँच आयोगअन्तर्गत विषयगत कार्यादेशसहित गठित निम्न कार्यसमुहलाई निरन्तरता दिने।<br>(क) सचेतनासम्बन्धी कार्यसमुह<br>(ख) योजना र अनुसन्धानसम्बन्धी कार्यसमुह<br>(ग) अनुगमन र समन्वयसम्बन्धी कार्यसमुह<br>(घ) सहयोग प्रणालीसम्बन्धी कार्यसमुह | सचिवालय | रजिस्ट्रार | निर्णय | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आयोगको वार्षिक कार्ययोजनाले लक्षित गरेका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने। | आयोग | सर्वोच्च अदालत | बजेट प्राप्ति | २०७३ भदौ |
| ४ | आयोगको सचिवालयलाई पूर्णकालीन जनशक्ति सहित सुदृढ बनाउनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने। | आयोग | सर्वोच्च अदालत | स्रोत साधन प्राप्ति | आवश्यकता अनुसार |
| ५ | सचिवालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गर्ने। | सचिवालय | सर्वोच्च अदालत | निर्णय | २०७३ भदौ |
| ६ | न्यायमा पहुँचको सम्बन्धमा अन्य मुलुकमा अपनाइएका उत्तम अभ्यास (Best Practice) अध्ययन तथा अवलोकन गर्ने। | आयोग | सर्वोच्च अदालत | अवलोकन भ्रमण | २०७३ साउनदेखि |
| ७ | आयोगका सम्पादित क्रियाकलापको आवधिक प्रगति समीक्षा गरी अभिलेख राख्ने। | सचिवालय | सर्वोच्च अदालत | अभिलेख | निरन्तर |
| ८ | आयोगका गतिविधिहरू समेटिएको चौमासिक बुलेटिन प्रकाशनको व्यवस्था गर्ने। | सचिवालय | सर्वोच्च अदालत सम्पादन शाखा | प्रकाशित सामग्री | कात्तिक, फागुन र असार |

**४.२ लक्ष्य २: लक्षित वर्ग (महिला, विपन्न, असहाय र असक्षम) का व्यक्तिको हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने**

**कार्यक्रम २.१: न्यायमा पहुँच सम्बन्धमा लक्षित वर्गका व्यक्तिको हक अधिकारसम्बन्धी सामग्री प्रकाशन**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी स्रोत पुस्तिका प्रकाशन गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (कानून मन्त्रालय), महिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय (म.न्या.का.) | जानकारी पुस्तिका | २०७३ असोज |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक तालिम पुस्तिकामा आवश्यकता अनुसार परिमार्जन गर्ने । | आयोग | सर्वोच्च अदालत | प्रशिक्षक तालिम पुस्तिका | आवश्यकता अनुसार |
| ३ | नेपाली, अङ्ग्रेजी र अन्य स्थानीय भाषामा न्यायमा पहुँच आयोग सम्बन्धी जानकारीपत्र (leaflet) प्रकाशन गर्ने । | सचिवालय | सर्वोच्च अदालत | जानकारी पत्र (leaflet) छपाइ | २०७३ कात्तिक |
| ४ | अदालती प्रक्रिया, कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरणको व्यवस्था मिलाउने । | सचिवालय | सर्वोच्च अदालत र मातहातका अदालत | पुस्तिका वितरण | २०७३ कात्तिक |
| ५ | स्वच्छ सुनुवाईसम्बन्धी पुस्तिका तयार गरी सवै तहका न्यायिक कार्यमा संलग्न जनशक्तिलाई उपलब्ध गराउन समन्वय गर्ने । | सचिवालय | सर्वोच्च अदालत, म.न्या.का. | पुस्तिका वितरण | २०७३ कात्तिक |
| ६ | न्यायमा पहुँचसँग सम्बन्धित सर्वोच्च अदालतका फैसला तथा आदेशहरूको प्रकाशन गर्ने व्यवस्था गर्ने । | सचिवालय | सर्वोच्च अदालत सम्पादन शाखा | प्रकाशित पुस्तक | २०७३ मंसिर |

**कार्यक्रम २.२: लक्षित वर्गका व्यक्तिहरूका हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गको लागि कार्यक्रम सञ्चालन गर्दा आयोगबाट पारित विपन्न, असहाय र असक्षम व्यक्ति पहिचान गर्ने मापदण्ड कार्यान्वयन गर्न समन्वय गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, नेपाल बार एसोसिएसन (ने.बा.ए.) | समन्वय बैठक, पत्राचार, समिक्षा | आवश्यकता अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लक्षित वर्गका अधिकारबारे स्थानीय तहमा लक्षित वर्गका व्यक्तिका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने । | आयोग | सर्वोच्च अदालत कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति म.न्या. का., ने.बा.ए.,अन्य लक्षित वर्ग केन्द्रित निकायहरू (राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान आदि) | सचेतना कार्यक्रमको प्रतिवेदन | २०७३ भदौ देखि २०७४ असारसम्म |
| ३ | न्यायमा पहुँच अभिवृद्धि गर्न पीडितको हक अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए. | सचेतना कार्यक्रमको प्रतिवेदन | २०७३ भदौ देखि २०७४ असारसम्म |
| ४ | कानून दिवसका दिन सबै अदालत तथा बार इकाइहरूले लक्षित वर्गका व्यक्तिका लागि अदालतबाट दिइने सेवा तथा कानूनी सहायताबारेमा सचेतना कार्यक्रमलाई निरन्तरता दिने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने.बा.ए. | सचेतना कार्यक्रमको प्रतिवेदन | २०७४ वैशाख २६ |

**कार्यक्रम २.३: लक्षित वर्गका व्यक्तिहरूका हक अधिकारबारे प्रचार प्रसार**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिहरूका अधिकारसम्बन्धी श्रव्यदृश्य सामग्री प्रसारणलाई निरन्तरता दिन समन्वय गर्ने । | सचिवालय | सर्वोच्च अदालत | प्रसारण | निरन्तर |
| २ | लक्षित वर्गका अधिकारसम्बन्धी थप श्रव्यदृश्य सामग्री उत्पादन र प्रसारण गर्न आवश्यक व्यवस्था गर्ने । | सचिवालय | सर्वोच्च अदालत सम्पादन शाखा | सामग्री उत्पादन प्रसारण | आवश्यकता अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नि:शुल्क कानूनी सहायतासम्बन्धमा सञ्चार माध्यमबाट सूचना सम्प्रेषणको व्यवस्थालाई सहजीकरण गर्ने । | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति म.न्या.का., ने.बा.ए. | सूचनाको प्रसारण | निरन्तर |
| ४ | पीडितका अधिकारका बारेमा न्याय क्षेत्रसँग सम्बन्धित सबै कार्यालयहरूमा साइनपोस्ट राख्ने व्यवस्था गर्ने । | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए. | सबै कार्यालयमा साइनपोस्ट | २०७३ भदौ |

## ४.३ लक्ष्य ३: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system) को विकास गर्ने

### कार्यक्रम ३.१: नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा र पीडितका लागि मनोपरामर्श सेवाको उपलब्धता

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | आम जनतासँग सरोकार राख्ने कानूनी व्यवस्था खासगरी (अंशवन्डासम्बन्धी, जबरजस्ती करणी, घरेलु हिंसा, जातीय भेदभाव तथा छुवाछूत विरूद्धको कानूनी व्यवस्था) लाई स्थानीय भाषामा अनुवादसमेत गरी प्रचार प्रसार गर्ने व्यवस्था गर्ने । | आयोग | सर्वोच्च अदालत कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए. | प्रचार प्रसार प्रतिवेदन | २०७३ माघ |
| २ | विभिन्न अदालतमा दोभाषे सेवा प्रदान गर्न सूचीकृत व्यक्तिहरूको विवरण अध्यावधिक गर्ने । | सचिवालय | सर्वोच्च अदालत | अनुवादकको सूची | २०७३ भदौ |
| ३ | अदालतमा साङ्केतिक भाषाको प्रयोगसम्बन्धी अध्ययन प्रतिवेदनका आधारमा निर्देशिका तयार गर्ने व्यवस्था गर्ने । | आयोग | सर्वोच्च अदालत | निर्देशिका | २०७३ मंसिर |
| ४ | साङ्केतिक भाषा प्रयोगसम्बन्धी निर्देशिका बमोजिम साङ्केतिक भाषाविद्हरूलाई आवश्यकताअनुसार सूचीकृत गर्ने व्यवस्था गर्ने । | आयोग | सर्वोच्च अदालत, | अनुवादकको सूची | २०७३ पुस |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अपराध पीडितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का. | सेवा उपलब्धता | निरन्तर |

**कार्यक्रम ३.२ कानून व्यवसायीहरूबाट स्वेच्छिक कानूनी सेवा (Pro bono) को उपलब्धता**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गको लागि स्वेच्छिक कानूनी सेवा (Pro bono) सम्बन्धी निर्देशिका तयार गर्न समन्वय गर्ने। | आयोग | ने.बा.ए. | समन्वय बैठक, पत्राचार | २०७३ भदौ |
| २ | निर्देशिकाबमोजिम स्वेच्छिक कानूनी सेवा दिन इच्छुक कानून व्यवसायीहरूको सूची तयार गर्न नेपाल बार एसोसिएसनसँग अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत, ने.बा.ए. | पत्राचार | २०७३ पुस |
| ३ | सबै अदालतमा कानून व्यवसायीले स्वेच्छिक कानूनी सेवा (Pro bono) उपलब्ध गराउन नेपाल बार एसोसिएसनसँग अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत, ने.बा.ए. | पत्राचार | २०७३ पुस |
| ४ | कानून व्यवसायीबाट प्रदान हुने स्वेच्छिक कानूनी सेवा (Pro bono) को अभिलेख राखी सोको जानकारी सम्बन्धित अदालत मार्फत आयोगमा पठाउने व्यवस्था गर्न नेपाल बार एसोसिएसनसँग समन्वय गर्ने। | सचिवालय | सर्वोच्च अदालत, ने.बा.ए. | अभिलेख | २०७३ पुसदेखि मासिक रूपमा |

**कार्यक्रम ३.३ वैतनिक कानून व्यवसायीको सेवालाई थप प्रभावकारी र विस्तार**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | वैतनिक कानून व्यवसायीको सेवालाई अर्द्ध-न्यायिक निकायमा समेत विस्तार गरी वैतनिक कानून व्यवसायीको सेवा प्रवाह प्रभावकारी बनाउनका लागि वैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७२ मा आवश्यक संशोधन गर्न सिफारिस गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ माघ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७२ प्रभावकारी रूपमा लागू भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत अनुगमन शाखा | अनुगमन प्रतिवेदन | निरन्तर |
| ३ | वैतनिक कानून व्यवसायीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत, ने.बा.ए. प्रशिक्षण प्रदायक अन्य निकायहरू | समन्वय बैठक, पत्राचार | २०७३ चैत |
| ४ | वैतनिक कानून व्यवसायीले उपलब्ध गराएको कानूनी सहायताको एकीकृत प्रतिवेदन प्रकाशन गर्ने। | सचिवालय | सर्वोच्च अदालत | प्रकाशित प्रतिवेदन | २०७४ असार |

**कार्यक्रम ३.४ नि:शुल्क कानूनी सहायता सेवाको प्रभावकारिता अभिवृद्धि**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | नि:शुल्क कानूनी सहायता सेवालाई प्रभावकारी बनाउन एकीकृत कानूनी सहायतासम्बन्धी नीति तर्जुमा गर्न सहजीकरण गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, म.न्या.का., ने.बा.ए. | समन्वय बैठक | २०७३ कात्तिक |
| २ | कानूनी सहायतासम्बन्धमा सरोकारवाला र सञ्चारकर्मीहरू बिच अन्तरक्रिया गर्न अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, म.न्या.का., ने.बा.ए. | पत्राचार | आवश्यकता अनुसार |
| ३ | स्थानीय तह र शैक्षिक संस्थाहरूमा मानव अधिकार, मानवीय कानून, लैङ्गिक हिंसा विरूद्धका कानून, कानूनी सहायता लगायतका विषयमा कानूनी शिक्षा सचेतना अभियान सञ्चालन गर्न सहजीकरण गर्ने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, म.न्या.का., ने.बा.ए. | सचेतना कार्यक्रम | २०७३ मंसिरदेखि |
| ४ | नि:शुल्क कानूनी सहायताको जानकारी प्रदान गर्न प्रत्येक अदालतमा Counselling Desk राख्न समन्वय गर्ने। | सचिवालय | सर्वोच्च अदालत | डेस्क स्थापना | २०७३ भदौ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नि:शुल्क कानूनी सहायताको जानकारी प्रदान गर्न प्रत्येक बार एकाइमा Counselling Desk राख्न अनुरोध गर्ने। | सचिवालय | ने.बा.ए. | डेस्क स्थापना | २०७३ भदौ |
| ६ | आर्थिक विपन्नता वा अन्य मनासिब कारणले कानून व्यवसायीको प्रतिनिधित्व हुन नसकेका विचाराधीन मुद्दाहरू पहिचान गरी त्यस्ता पक्षहरूले चाहेमा नि:शुल्क कानूनी सहायता उपलब्ध हुने कुराको जानकारी पक्षहरूलाई यथासमयमा दिने संयन्त्र विकास गर्न अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत | मौखिक वा लिखित जानकारी | २०७३ साउन देखि |
| ७ | नि:शुल्क कानूनी सहायताका बारेमा जानकारी मूलक सामग्रीहरू तयार पारी स्थानीय निकाय र जनसम्पर्क हुने कार्यालयहरूमा उपलब्ध गराउन अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, म.न्या.का., ने.बा.ए. | जानकारी पत्र उपलब्ध गराएको पत्र | २०७३ कात्तिक |
| ८ | नि:शुल्क कानूनी सहायताको प्रभावकारिता सम्बन्धी अनुगमन र सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति, म.न्या.का., ने.बा.ए. | प्रतिवेदन प्राप्त | आवश्यकता अनुसार |

**कार्यक्रम ३.५ अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | अदालतको भौतिक संरचना के कति अपाङ्गमैत्री छन भन्ने सम्बन्धमा अध्ययन गर्न गठित कार्यसमुहको प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| २ | अदालतको सोधपुछ र सहायता कक्षलाई महिला तथा अपाङ्ग मैत्री बनाउन अनुरोध गर्ने | सचिवालय | सर्वोच्च अदालत | निर्णय पचात्रार | २०७३ भदौ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सबै अदालत तथा सरकारी वकिल कार्यालयमा पीडितमैत्री कक्षको स्थापना गर्न अनुरोध गर्ने। | आयोग | सर्वोच्च अदालत, म.न्या.का. | पीडितमैत्री कक्ष | २०७३ भदौ |
| ४ | कर्मचारीले लक्षित वर्गका सेवाग्राहीहरूलाई अदालतको प्रवेशद्वारदेखि निजको काम सम्पन्न नभएसम्म सहजीकरण गरिदिने व्यवस्था मिलाउने। | सचिवालय | सर्वोच्च अदालत | पत्राचार | २०७३ साउनदेखि |
| ५ | १ घण्टाभित्र प्रदान हुने सेवाहरूलाई Flex मा प्रिन्ट गरी अदालतको प्रवेशद्वार तथा प्रत्येक फाँटमा सेवाग्राहीले देखिने गरी राख्ने व्यवस्था गर्ने। | सर्वोच्च अदालत | मातहत अदालत | पत्राचार | २०७३ साउनदेखि |
| ६ | मुद्दा छिन्ने र इजलासमा सुनुवाइ गर्नुपर्ने काम बाहेकका नक्कल दिने, तारेख दिने, निवेदन दर्ता गर्ने लगायतका स-साना कार्यहरू १ घण्टाभित्र सम्पन्न भए नभएको अनुगमन गर्ने। | सर्वोच्च अदालत | मातहत अदालत | अनुगमन प्रतिवेदन | निरन्तर |
| ७ | अदालतका कर्मचारीले दिएको सेवाको गुणस्तरको बारेमा सेवाग्राहीको अभिमत सर्वेक्षण गरी सोको विवरण आयोगमा पठाउने व्यवस्था मिलाउने। | सर्वोच्च अदालत | मातहत अदालत | सर्वेक्षण प्रतिवेदन | निरन्तर |
| ८ | सुझाव पेटिकामा प्राप्त भएका सुझाव तथा गुनासाका सम्बन्धमा प्रत्येक अदालतले मासिकरूपमा समीक्षा गर्न अनुरोध गर्ने। | सचिवालय | सर्वोच्च अदालत | पत्राचार | मासिक |
| ९ | बन्द इजलासको कार्यान्वयनको अवस्था बारेमा अनुगमन गर्ने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | अनुगमन प्रतिवेदन | आवश्यकता अनुसार |
| १० | पीडित र कैदीलाई नि:शुल्क फैसलाको प्रतिलिपि उपलब्ध गराउन समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ साउनदेखि |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | अदालती काम कारवाहीमा सेवाग्राहीलाई सेवा उपलब्ध गराउने काममा शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई स्वयंसेवीको रूपमा संलग्न गराउने सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेस गर्ने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने. बा.ए | प्रतिवेदन | २०७३ माघ |
| १२ | विद्यालय, विश्वविद्यालय एवं समुदायका सदस्यहरूलाई अदालतको अवलोकन गर्ने व्यवस्थाका लागि सहजीकरण गर्ने। | सचिवालय | सर्वोच्च अदालत | अभिलेख | २०७३ भदौदेखि |

### कार्यक्रम ३.६ न्यायमा पहुँच अभिवृद्धिका लागि सूचना प्रविधिको विकास

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | सूचना प्रविधिको प्रयोगमा देहायबमोजिम गर्न अनुरोध गर्ने<br>▪ पुनरावेदन अदालतका रजिस्ट्रार, जिल्ला अदालतका स्रेस्तेदार तथा वैतनिक कानून व्यवसायीको नाम र सम्पर्क नम्बर मोबाइलबाट प्राप्त गर्ने एप्लिकेसनलाई परिष्कृत गरी सरूवा वा नियुक्ति भएकै बखत स्वत: नाम र सम्पर्क नम्बर अध्यावधिक हुने व्यवस्था मिलाउने।<br>▪ मोबाइलबाट मेसेज गरी पुनरावेदन अदालतका रजिस्ट्रार, जिल्ला अदालतका स्रेस्तेदार तथा वैतनिक कानून व्यवसायीको नाम र सम्पर्क नं. प्राप्त गर्न सकिने व्यवस्था सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने।<br>▪ आयोगको वेभसाइट निर्माण गरी सो वेभसाइटमा अदालतका सेवाग्राहीहरूले अदालतको बारेमा जानकारी लिने तथा आफ्ना गुनासा र सुझावहरू दिनसक्ने गरी FAQ लाई समावेश गरी Online Support Person को समेत व्यवस्था गर्ने।<br>▪ लिखत तथा निवेदनहरूको Online Registration र Online दस्तुर भुक्तानी गर्ने पद्धतिको विकासका बारेमा सम्भाव्यता अध्ययन गर्ने।<br>▪ नि:शुल्क टोलफ्री टेलिफोनमार्फत कानूनी उपचार आवश्यक पर्ने व्यक्तिका लागि सेवा प्रदान गर्न दक्ष जनशक्ति राख्ने।<br>▪ हरेक अदालतमा दुर सोधपुछ (Tele Enquiry) को प्रबन्ध गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | २०७३ भदौ |

**कार्यक्रम ३.७ क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिका हक अधिकार तथा न्यायिक उपचारका विषयमा शिक्षक, विद्यार्थी गा.वि.स. सचिव र सामाजिक परिचालिक तथा परिचालिकाहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून म.न्या. का., ने.बा.ए. प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ कात्तिक |
| २ | अनौपचारिक तथा परम्परागत न्याय पद्धतिमा संलग्न व्यक्तिहरूलाई न्यायिक प्रक्रियासमेतका बारेमा प्रशिक्षणको व्यवस्था मिलाउने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ कात्तिक |
| ३ | न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ मंसिर |
| ४ | विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने गराउने प्रयोजनका लागि सबै तहका सम्बन्धित जनशक्तिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाउने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ पुस |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सहायता कक्षमा रहने र अन्य कर्मचारीलाई पीडितमैत्री व्यवहारका लागि प्रशिक्षण दिने व्यवस्था मिलाउने। | आयोग | कानून मन्त्रालय, ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ पुस |
| ६ | न्यायमा सहज पहुँचको अवधारणा, उत्तम अभ्यासहरू र नेपालको सन्दर्भमा न्यायमा पहुँचको स्थिति बारेमा न्यायाधीश, अदालतका कर्मचारी, कानून व्यवसायी, सरकारी वकील तथा अन्य निकायका पदाधिकारीलाई प्रशिक्षण दिने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ कात्तिक |
| ७ | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमलाई निरन्तरता दिने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | निरन्तर |
| ८ | दोभाषे सेवा प्रदान गर्न सूचीकृत भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ मंसिर |
| ९ | कानूनी सहायता प्रदायकहरूलाई प्रशिक्षण दिने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत कानून मन्त्रालय, ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७३ माघ |

**कार्यक्रम ३.८ अदालतमा आफैँ प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा उपलब्ध गराउने**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | आफ्ना मुद्दामा आफैँ प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा सेवा दिने तरिकाका बारेमा म्यानुअल तयार गर्ने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | म्यानुअल | २०७३ कात्तिक |
| २ | आफ्ना मुद्दामा आफैँ प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा गर्नुपर्ने व्यवहारका बारेमा अदालतमा काम गर्ने कर्मचारी र न्यायाधीशहरूलाई अभिमुखीकरणको व्यवस्था गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | अभिमुखीकरण कार्यक्रम | २०७३ पुसदेखि |

**४.४ लक्ष्य ४: न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरू पहिचान गर्ने**

**कार्यक्रम ४.१ न्यायसम्मको पहुँचमा रहेका अवरोधक तत्त्वहरूको बारेमा अध्ययन**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | Mobile Court को सम्भाव्यता अध्ययन गर्ने, गराउने। | आयोग | सर्वोच्च अदालत | अध्ययन प्रतिवेदन | २०७३ चैत |
| २ | स्थानीय तहमा ट्राफिक प्रहरी, उपभोक्ता तथा स-साना प्रकृतिका मुद्दा छिन्ने छुट्टै अदालत र पारिवारिक अदालतको सम्भाव्यता अध्ययन गर्ने, गराउने। | आयोग | सर्वोच्च अदालत | अध्ययन प्रतिवेदन | २०७३ चैत |
| ३ | समय तालिका लागू भएका अदालतहरूको अनुगमन गर्ने व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | अनुगमन प्रतिवेदन | आवश्यकता अनुसार |
| ४ | मुद्दामा समय तालिका पद्धतिको प्रभावकारिता अध्ययन गरी समयतालिका पद्धति लागू नभएका जिल्लाहरूमा क्रमिक रूपमा लागू गर्न व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | निर्णय, पत्राचार | निरन्तर |
| ५ | न्यायमा पहुँचको अवस्था सम्बन्धमा Baseline Survey को सोचपत्रका आधारमा Baseline Survey अध्ययन कार्यलाई निरन्तरता दिने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७३ साउनदेखि |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कारागारमा रहेका महिला बन्दीहरूको अवस्था र पुनर्स्थापनाका सम्बन्धमा अध्ययन कार्यसमुहले दिएको प्रतिवेदन अध्ययन गरी तत्सम्बन्धमा आवश्यक सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | निर्णय | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| ७ | मुद्दा मामिलामा संलग्न हुन परेको कारणबाट पक्षहरूले वा पीडितहरूले व्यहोर्नु पर्ने खर्चहरूको बारेमा भैरहेको अध्ययनले दिएको सुझाव कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| ८ | स-साना प्रकृतिका मुद्दाहरू तथा महिला, बृद्ध, नाबालक, असहाय, विपन्न वर्गका व्यक्ति संलग्न रहेका मुद्दाहरूको कारवाही द्रूत गतिमा सम्पन्न गर्ने उपाय विषयक अध्ययन प्रतिवेदनका सुझाव कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| ९ | न्यायिक वा अर्द्धन्यायिक निकायको आदेशबमोजिम माग भएको धरौटी बुझाउन नसकी पुर्पक्षका लागि थुनामा बस्न बाध्य भएका व्यक्तिहरू सम्बन्धी अध्ययनका सुझावहरू कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| १० | न्यायिक वा अर्द्धन्यायिक निकायहरूमा चलेका मुद्दाका पीडित वा प्रतिवादी रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्था पहिचान गर्ने बारेको अध्ययन प्रतिवेदनबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| ११ | न्यायमा पहुँचको सम्बन्धमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक अवरोधहरू बारेको अध्ययन प्रतिवेदनबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | २०७३ असोज |
| १२ | अर्द्धन्यायिक निकाय र न्यायाधिकरणले प्रदान गर्ने सेवामा पक्षहरूकालागि लाग्ने खर्च, मुद्दाको कारवाहीमा लाग्ने समय तथा प्रक्रियागत जटिलताको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन बाट प्राप्त सुझाव कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने । | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | २०७३ असोज |
| १३ | फौजदारी मुद्दामा सर्वश्व जायजात गरेको सम्पत्ति पीडितलाई भराउने बारेमा अध्ययन गर्ने गराउने । | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ असोज |
| १४ | मुद्दामा जित्ने पक्षलाई खर्च भराउने सम्बन्धमा कोर्ट फी ऐन, २०१७ को प्रभावकारिताको बारेमा अध्ययन गर्ने । | आयोग | सर्वोच्च अदालत | कार्यदल | २०७३ माघ |

**४.५ लक्ष्य ५: लक्षित वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानूनी आधारको विकास गर्ने**

**कार्यक्रम ५.१: विद्यमान कानूनमा आवश्यक संशोधन**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न कानूनमा गर्नुपर्ने संशोधनका बारेमा अध्ययनले दिएको सुझाव कार्यान्वयनका लागि समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत<br>कानून मन्त्रालय | निर्णय<br>पत्राचार | अध्ययन प्रतिवेदन प्राप्त भएपछि |
| २ | निरन्तर सुनुवाइ हुने मुद्दाको सूचीमा परिवर्तन गरी फौजदारी बाहेकको लक्षित वर्गका व्यक्तिहरू समावेश भएका मुद्दा समेत समावेश गर्ने गरी नियमावली संशोधन गर्न अनुरोध गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ कात्तिक |
| ३ | अध्ययन प्रतिवेदनका आधारमा न्यायमा पहुँचका अवरोधक कानूनी व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, | निर्णय पत्राचार | २०७३ माघ |

**४.६ लक्ष्य ६: न्यायमा पहुँच अभिवृद्धिका लागि विभिन्न निकाय र संस्थासँग समन्वय गर्ने**

**कार्यक्रम ६.१ सरकारी निकायहरूसँग समन्वय**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँचका सम्बन्धमा कानून मन्त्रालय, कानून व्यवसायी, सरकारी वकिल तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूसँग अन्तरक्रिया गर्ने। | आयोग | सर्वोच्च अदालत | समन्वय बैठक | २०७३ असोज |
| २ | अपराधबाट पीडित व्यक्तिहरूका लागि शारीरिक परीक्षण तथा तत्कालीन उपचार एवं मनोपरामर्श सेवा एकै स्थानबाट नि:शुल्क उपलब्ध गराउन सरोकारवाला निकायसँग समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत | समन्वय बैठक | २०७३ भदौ |
| ३ | नेपाल प्रहरीमा आउने अपराधबारेका सूचना सहज र छिटो छरितो रूपमा दर्ता हुने व्यवस्थाका लागि त्यसबारेमा कार्य गर्ने प्रहरी कर्मचारीका लागि जारी निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत<br>म.न्या.का. | समन्वय बैठक | २०७३ कात्तिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अपराधबाट पीडित लक्षित वर्गका व्यक्तिलाई कानून बमोजिम अदालतबाट दिलाउनु पर्ने क्षतिपूर्ति र तत्कालीन राहतका विषयमा सरकारी निकायहरूबाट उपलब्ध हुने सुविधा समयमै उपलब्ध भएको सुनिश्चितता गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने । | आयोग | सर्वोच्च अदालत<br>कानून मन्त्रालय<br>म.न्या.का. | समन्वय बैठक | २०७३ कात्तिक |
| ५ | स्थानीय निकायलाई प्रदान गरिएको न्यायिक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने । | आयोग | सर्वोच्च अदालत | समन्वय बैठक | २०७३ मंसिर |
| ६ | माध्यमिक विद्यालयको पाठ्यक्रममा कानूनसम्बन्धी विषय समावेश गर्नका सम्बद्ध निकायहरूसँग समन्वय गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | समन्वय बैठक | २०७३ मंसिर |
| ७ | सरकारवादी मुद्दाका साक्षीहरूको सुरक्षा, उनीहरूलाई उपलब्ध गराउने खर्च, सदरमुकाममा रहँदाको बास व्यवस्था तथा अदालतमा पेस भएका व्यक्तिगत सामान फिर्ता लगायतका विषयमा महान्यायाधिवक्ताको कार्यालय लगायत सम्बद्ध निकायसँग समन्वय गर्ने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का.<br>ने.बा.ए, | समन्वय बैठक | २०७३ मंसिर |
| ८ | मेलमिलापसम्बन्धी कार्यलाई न्यायमा पहुँचसँग आबद्ध गरी न्यायमा पहुँच अभिवृद्धिका लागि कार्यरत संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने । | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या. का., ने.बा.ए, मेलमिलाप परिषद् | समन्वय बैठक | २०७३ मंसिर |

**कार्यक्रम ६.२ कानून र न्यायको क्षेत्रमा कार्यरत संस्थासँगको समन्वय**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँच अभिवृद्धिका क्षेत्रमा कार्यरत संस्थाहरूको सेवा परिचालनसम्बन्धी निर्देशिकाबमोजिम संस्थाहरूको सहकार्यमा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ पुस |
| २ | आयोगले गर्ने जनचेतना अभिवृद्धि लगायतका क्रियाकलापहरू आयोगले तोकेबमोजिम सञ्चालन गर्ने व्यवस्था गर्ने। | आयोग | सर्वोच्च अदालत | कार्यक्रम | २०७३ माघदेखि |

उल्लिखित कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयन गर्ने समयतालिका तलको तालिका नं.- १ मा उल्लेख गरिएको छः

## तालिका नं.- १: वार्षिक कार्ययोजना कार्यान्वयनसम्बन्धी समयतालिका

| कार्यक्रम | कार्यक्रमहरू | २०७३ | | | | | | | | | २०७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार |
| १.१ | न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी संरचना | | | | | | | | | | | | |
| १.२ | आयोगको रणनीतिक योजना तर्जुमा र संस्थागत सुदृढीकरण | | | | | | | | | | | | |
| २.१ | न्यायमा पहुँचसम्बन्धमा लक्षितवर्गका व्यक्तिको हक अधिकारसम्बन्धी सामग्री प्रकाशन | | | | | | | | | | | | |
| २.२ | लक्षित वर्गका व्यक्तिहरूका हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन | | | | | | | | | | | | |
| २.३ | लक्षित वर्गका व्यक्तिहरूका हक अधिकारबारे प्रचार प्रसार | | | | | | | | | | | | |
| ३.१ | नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा र पीडितका लागि मनोपरामर्श सेवाको उपलब्धता | | | | | | | | | | | | |
| ३.२ | कानून व्यवसायीहरूले स्वेच्छिक कानूनी सेवा (Pro bono) प्रदान | | | | | | | | | | | | |
| ३.३ | वैतनिक कानून व्यवसायीको सेवालाई थप प्रभावकारी र विस्तार | | | | | | | | | | | | |
| ३.४ | नि:शुल्क कानूनी सहायता सेवाको प्रभावकारिता अभिवृद्धि | | | | | | | | | | | | |
| ३.५ | अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास | | | | | | | | | | | | |
| ३.६ | न्यायमा पहुँच अभिवृद्धिका लागि सूचना प्रविधिको विकास | | | | | | | | | | | | |
| ३.७ | क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | | | | | | |
